कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ४ अंक ३४ (संयुक्तांक १८८) ने. सं. ११३५ चौलाथ्व पंचमी बुधवाः २०७१ चैत्र ११ गते बुधवार (Mar-25, 2015) पृष्ठ १० मूल्य रु.५/-


Admission Open from Playgroup to Grade 1




कोरीया रोजगारीको लागी
तयारी कक्षाहरु सञ्चालन

समयमै तयारीमा लागौं मेहनतमा भर परौं, भ्रममा नपरौं

तपाईंको मेहनत नै १००% ग्यारेन्टि पास

**कोरीयन भाषा**

विहान, दिउँसो र साँझ

**विशेषताहरु :**

- दैनिक ३ घण्टा EPS-Topic परीक्षाको लागि तयारी कक्षा Dictation, Listening & Reading Test र हरेक दिन Class Test र विद्यार्थीहरुको प्रगति विवरण चुस्त दुरुस्त राखी आवश्यक सरसल्लाह, अतिरिक्त कक्षाहरु तथा पाठ्य ससससामग्रीहरुको राम्रो व्यवस्था गरिने।
- Books/CDs हरुको राम्रो व्यवस्था साथै Audio/visual,Exercise and Question Books को व्यवस्था ।
- EPS-TOPIK को परीक्षालाई मध्येनजर गरी परीक्षामा विद्यार्थीहरुलाई सामना गर्नु पर्ने सम्भावित समस्याहरुलाई सम्बोधन गर्ने गरी हरेक हप्तामा छुट्टै Weekly Model Tests पनि लिइने ।
- नियमित परीक्षाहरुको माध्यमबाट विद्यार्थीहरुको स्तर छुट्याई सोही अनुरुपको विशेष कक्षाहरुको व्यवस्था गरिने। त्यसमा पनि कमजोर विद्यार्थीहरुले Supporting Class अनिवार्य रुपमा लिने व्यवस्था ।
- EPS-Topic, Skill Test तथा CBT को पनि कक्षाहरु धमाधम सञ्चालन ।
- प्रशिक्षकहरु दक्ष, अनुभवी पुस्तक अनुवादक साथै विगतका वर्षहरुमा विद्यार्थीहरुलाई सर्वाधिक उत्तीर्ण गराउन सफल ।
- Korea मा पढ्न जान चाहनेहरुको लागि पनि उचित परामर्श साथै Korea जान Tourist Visa को पनि उचित परामर्श र Vocational/Job को बारेमा उचित परामर्श ।

Valley Institute Kirtipur

NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509

विश्वमै तहल्का मचाएका Xiaomi Mi MOBILES

नेपालको लागी आधिकारीक बिक्रेता

अब नेपालमा ONLINE मार्फत बिक्री बितरण

Online बाट किन्दा फाइदा के ?
Importer ले Distributer र Retailer लाई
दिने फाइदा अब सोझै ग्राहकलाई




MOBILAND ELECTRONIC

मोबिल्याण्ड ईलेक्ट्रोनिक प्रा. लि.
कीर्तिपुर-१७, बाहिरी गाउँ (नेपाल टेलिकमसँगै)
शाखा कार्यालय महाराजगंज, नारायणगोपाल चोक
फोन नं. ०१४३३४२३५, ०१४३३२०५७

# कीर्तिपुर न.पा.मा नयाँ कार्यकारी अधिकृत



स्थानीय निकायमा जन प्रतिनिधि नहुँदा नगर प्रमुख तथा कार्यकारी अधिकृतको दोहोरो भूमिका निभाउनु पर्ने कार्यकारी अधिकृतलाई राजनैतिक पार्टीहरूले आफ्नो स्वार्थ अनुसार कार्यकारी अधिकृतको सरुवा र काजमा खटाइ मनपरि गरिरहेका छन्। कीर्तिपुरको सन्दर्भमा दरबन्दीमा नियुक्ति भएका कार्यकारी अधिकृतलाई अन्तै काजमा पठाएर अर्को अधिकृत काजमा खटाइएको छ।

कीर्तिपुर नगरपालिकाको दर बन्दीमा नियुक्त हुनु भएका केशव भट्टराईलाई मन्त्रालयमा काजमा फिर्ता बोलाएर तीन महिनाको लागि काजमा कार्यकारी अधिकृत दिनेश प्रसाद थानीको काज फिर्ता पछि खालि भएको कार्यकारी अधिकृतमा नूरहरि खतिवडा आउनु भएको छ।

ओखलढुङ्गा हर्कपुर गा.वि.स. वडा नं २ निवासी नूरहरि खतिवडा २०४९ सालमा संचार मन्त्रालयमा शाखा अधिकृत भएर काम गर्नु भएको थियो। स्थानीय मन्त्रालयमा आएपछि उहाँको दरबन्दी काठमाडौं महानगरपालिकामा थियो। त्यहाँबाट उहाँलाई जनकपुर उपमहानगरपालिकामा कार्यकारी अधिकृतमा काजमा खटाइयो। त्यहाँबाट पनि कीर्तिपुर नगरपालिकामा काजमा खटाइयो। गत चैत्र ५ गतेदेखि उहाँ कीर्तिपुर नगरपालिकामा हाजिर हुन आउनु भएको हो। तर दिनेश प्रसाद थानीजस्तो समय सिमा तोकेर आउनु भएको होइन। उहाँ पनि काजमा नै आउनु भएको कारण कति दिन बस्ने हो ठेगान छैन।

२०४९ सालदेखि शाखा अधिकृत हुँदै हाल सेकेण्ड क्लास अफिसर बन्नु भएका नूरहरि खतिवडा अनुभवी र आफ्नो दायित्व बोध भएका कारण विगत तीन महिनादेखि अधुरो रहेका फाइलहरु अध्ययन गरी निर्णयमा पुग्न थाल्नु भएको छ। हाजिर गरेको दिन देखि नै फाइलको चाङ अगाडि राखेर फाइल अध्ययन र कार्यान्वयन गर्न व्यस्त देखिनु भएको छ। केशव भट्टराईले बनाएको योजना कार्यान्वयन गर्न सो सम्बन्धि बुझ्न र अध्ययन गर्न समय लाग्ने छ। आर्थिक वर्षको नौ बित्न लाग्दासम्म पनि कार्यकारी अधिकृतको सरुवाले कीर्तिपुर नगरपालिकामा विकास निर्माणको कुनै काम हुन सकेका छैनन्। अबको तीन महिनामा कतिको काम हुन्छ हेर्न बाँकी नै छ।

---

**साहित्य.......................................चिनाखँ**

# न्हूगु नेपाः

**नाति महर्जन**

पांगा, द्यःचपाः ध्वाखासी

बल्ल नेपालय् गणतन्त्र वल
जुजु मदुगु देश जुल
न्हूगु नेपाः दय्केगु फुइँ याना
नेतात न्ह्योने कसे जुल

जनताला खुसि जुइगु हे जुल
न्हूगु नेपाः स्वय् दइगु जुल
न्हूगु नेपालय् चोन आ
रामराज्य या दइगु जुल

तिनिख्यलय् नेतात जम्मा जुल
पालंपाः भाषण बिल
सकलें जनता स्वतन्त्र जुल
आः जनताया सरकार दय्केगु धाल

नये त्वनेगु दंकाः बिइम्ह सरकार वइगु जुल
छैं बुँ मदुपिन्सं नं छुं धन्दा काय् म्वाल
सकले जनता समान याना
नेपाले रामराज्य याय्गु धाल।

न्हापा लःया समस्या हते याय्
अनं लोडसेडिंग घतय् याय्
लः मदुथाय् तक पाइप लाया बी
सकभनं लः छ्या ब्याल जुइक लँ हे सिलेत गाका बी

मत मथ्योनिथाय् तक लठ्ठा धंका बी
दे ज्वारा ज्वारा मिंक मत च्याका बी
लठ्ठा हे धंके मज्यूथाय् जक
सोलार मत च्याका बी

श्रोतात सकलें खुसि जुल
तालि थाना नेतायात विदा बिल
गबले न्हूगु नेपाः दय्कीगु जुइ
जनताया याकनं स्वयेगु इच्छा जुल

नेतात सकलें मिलय् जुल
न्हूम्ह सरकार दय्कल
छम्ह पाकोम्ह नेतायात
प्रधान मन्त्रि धका नां तल

प्रधान मन्त्रि च्याम्ह झिम्ह मन्त्रि ल्यल
योग्य कथं मन्त्रालय बिल
जनताया सेवा याय् धका
मन्त्रितय्त कबुल याकल

गां गामय् मन्त्रित चाह्यु जुल
जनताया सरकार वल धका भाषण बिल
आ क्रान्तिकारि भुमिसुधार हया
तःसिँ बुँ किसानतय् नामे याय्गु धाल

नय् त्वनेगु दंकाः बिइ हँ
थाय् थासय् साझा पसः दइ हँ
लः त्वनेगु तःन्हू कष्ट जुइ मखुत
मेलम्चीया लः याकनं हया बिइ हँ

खँ न्यापिनि ज्या मन्या धाइथैं
विश्वास मयात जनतां इमिगु खँय्
झिंन्यादँ नीदँ दत बहुदल वःगु
विकास याइम्ह बहुदल गो गन थ्यन थैं

थथे याय् अथे याय् धकाः भाषण बिल
सुपः छ्पु मचीकुसे तलव भत्ता नल
खालि भाषणय् जक न्हूगु नेपाः दय्का
सिंगापुर थें बांलाके मानि धाल

जनतां बुलुहुँ सिया वल
नेतातय् चलाकि थुयाः वल
थुपिंला मन्त्रि जुया कमाय जक याःवःपिं
देश दय्कीपिं मखु धया हल

थुपिंला खँ सय्का लुतेयाइपिं
जनता तय्त गाले क्वफाइपिं
गरीवया हिचःतियागु धेबा कर धका कया
५ तारे होटल यागु नसा नइपिं

सो सोथाय् देशे फोहर जुया चोन
न्हाय् प्वाः मतिकं गन वने मखन
नगरपालिकां नं तमासा जक सोया
जनतायात नरके तयातेगु बिचाः यानाचोन

फोहर उली हे थाते तय्मफुम्ह सरकार वल
देशे नेनेहे मनंगु रोग त बढे जुल
फोहर उलीला थाते तय्मफुम्ह सरकारं
मेगु छु ज्या याना नै धका जनता हाल

न्हिं न्हिं सभा सम्मेलन याइगु
५ तारे होटल या खाना नैगु
नःगु पचेमजुया वासः याय् मालकि
विदेश वनेत सरकार वासः खर्च काइगु

नेतातय् बानि झन झन सेन
देश कंगाल याय्गु लँ जोन
थःपिनि म्हतिं म्हतिं न्हूगु दरकार दय्का
नेपाः देयात भ्वाथः यायत सन

बहनि निम्ह पेम्ह पासा मुन
कसि चोना ऐला तोन
ऐलाया सुरे यैँ देय् क्यौं क्यौं धाइ
का सो झीगु न्हूगु नेपाल थन

न्हूगु नेपाः दय्केगु फाँय् फुँइ याइपिं
दय्के हे म्वाःक सुरे न्हूगु नेपाः खँपिं
अजापिन्त आजुपिन्सं धाई
मिखा दया नं तोरकाँ पिं

देशया अवस्था छु जुया वन
जनता महंगीया जाले केना चोन
वजार भा थाहाँ वंसाँ छुं यागु मखु
खाली न्हूगु नेपाः दय्केगु धक्कु तोताचोन

माफियात जक पासा याना जुइपिं
दलालत मदय्कं ज्या याये मसःपिं
जनतायात दुख बी फक्को दुख बियाचोंपिं
साहुतेत पाछिना झन झन साहु याय्त सोपिं

महादेवं स्वंग मिखा स्वथें धेबा जक स्वइपिं
नेपालय् रामराज्य याय् धका भाषण जक याइपिं
इमिसं देश विकास याना नै मखुत
थःपिनि जक रामराज्य याना नय् पल्केथूपिं

मेलम्चीया ल सिंहदरवारे थात
व वःपिं मन्त्रित कमाय् याय्गु लँयात
जनता लः तोने मखनां सिनां वंसाँ
इमिसं लः हय्गुली कुतः मयात

सिंगापुर याये धाःगु दे नरक थें जुल
अय्सा मिखा तिसिना सरकार चोना बिल
चों चों थाय् ध्याचः व फोहरं याना
देयात अलकापुरि धाय् हे मलोल

गबलें ख्वाय्म्ह सरकार जुल
गबलें मिखां मखंम्हेसित बिल
पालंपाः सरकार चलेयाःवपिन्सं
जनताया सः न्यना मबिल

खुलाय् छकः सरकार हिलाचोन
पालंपाः देय् लुतय् यानाचोन
जनतां न्ह्याक्व विरोध याःसां
मता पहः याना सिंहासने पे पुनाचोन

व वम्ह सरकारं दे लुते यात
भंडार खाल धुकु फोरेयात
स्वझा जनतायात धोका बिया
निखा स्वखा दरवार थःत फ्यात

भ्रस्ततय्सं देश ल्हाते लाकल
जनतां यक्को हे दुख सिल
न्हि १८ घण्टा लोडसेडिंग फया
थिकेक महसुल पुलेमाल

सुथय् बहनि मत स्वय् हे म्वाल
चान्हे घौ बाघौ पुलुक्क च्यात
आजुपिनी पालय् थें आः झी नं
सिन्ता च्याका चोने मालिगु जुल

लाँ लाँ हिति ल मवल
बुँगा तुँयागु ल तोने माल
फोहर लखँ याना थौकन्हे देसय्
अनेतनेगु ल्वय् फैले जुल

भा बेसा थाहाँ थाहाँ वन
जीवनस्तर क्वाहाँ क्वाहाँ वन
वजार नियन्त्रन याय्गु मसोसे
साहुतय्के हे कमिसन कया चोन

राम राज्य याय्गु भाषण यानाजूपिं
धाथें राम राज्य याना नयाचोंपिं
गरीवतय्त नय् मखंका
थःपिं चाँ चाँ करोडपतिजूपिं

थुमिसं न्हूगु नेपा देय्की मखु
फसा मीत नं बाकि तै मखु
थुमिके देयागु माया हे मदु
जिं स्वय्बलेला थुपिं नेपामि हे मखु

थुपिं नय् दुथाय् दे दुपिं
विश्वास झीसँ याय् हे मत्योपिं
थुमिगु विश्वासय् चोना झीपिं
न्हूगु नेपाः स्वय् मखंक आशां द्यापिं

आःतक लाःनि होसियार जुइ माल झीपिं
छपं जुइ माल हिमाल पहाड तराइयापिं
मखु सा नेपाःमि धाय्का चोने दैमखु
विश्वया नक्साय् नेपा दे स्वय् दैमखु

कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY साप्ताहिक

वर्ष ४ अंक ३४ (संयुक्तांक १८८) ने. सं. ११३५ चौलाथ्व पंचमी बुधवा: २०७१ चैत्र ११ गते बुधवार (Mar-25, 2015) पृष्ठ १० मूल्य रु.५/-

# आन्दोल युद्धमा परिणत हुने खतरा बढ्दै गएको छः डा. भट्टराई

## १५ गतेपछि नयाँ कोर्ष

**कीर्तिपर सन्देश साप्ताहिक/**

केहि दिन अघि मात्रै पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराई र संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङ वीच भएको भेटवार्तामा मुलुकको राजनीतिक अवस्था झन झन तनाव हुने विश्लेषण गरेका थिए ।

एकीकृत माओवादीका नेता डा. भट्टराईले अव आन्दोलनको क्रममा आन्दोलन चर्कदै जाने र युद्वमा परिणत हुन सक्ने टिप्पणी संविधान सभाका अध्यक्ष नेम्वाङलाई बताउनु भएको थियो ।

सो क्रममा नेम्वाङले पनि विपक्षी ३० दलको आन्दोलनको क्रममा ११ गते पछि तनावपूर्ण अवस्था आउन सक्ने बताउनु भएको थियो । दुबै नेताहरु अव आन्दोलनले मुलुकमा तनावपूर्ण अवस्था ल्याउने सवालमा एकै मत रहेको थियो ।

पहिचान सहितको संघीयता, संघीयता सहितको संविधान, २०६२/०६३ सालको जनआन्दोलन, विस्तृत शान्ति सम्झौता, १२ बुँदे सहमति र अन्तरिम संविधानको भावना अनुसार नयाँ संविधान निर्माणको माग गर्दै आन्दोलनरत ३० दलीय गठबन्धनले भने चैत्र १५ गतेवाट वर्तमान सरकारलाई अप्ठ्यारो पार्ने ढंगको कार्यक्रम स्थानीय स्तरमा गर्ने तयारी गरेको छ ।

११ गते देखि प्रधानमन्त्री, मन्त्रीहरुलाई सार्वजनिक रुपमा कालो झण्डा देखाउने र बहिस्कार गर्ने समेतका कार्यक्रम गर्दे १५ गतेवाट सडकमा लाठि सहितको जुलुस निकाल्ने र १६ देखि १८ गते सम्म मसाल जुलुस र १९ गते देशब्यापी आमहड्ताल, चैत्र २० गतेदेखि २३ गते सम्म सरकारी कार्यालय बन्द, नाकाबन्दी, राजश्व संकलनमा रोक, २४ देखि २६ सम्म देशव्यापी आम हड्ताल गर्ने घोषणा गरेको अवस्था छ । यसको अर्थ १५ गतेदेखि लगातार रुपमा सडकमा प्रदर्शन गर्ने र सरकारलाई अप्ठ्यारो पार्ने किसिमको कार्यक्रम गर्ने योजना ३० दलीय गठबन्धनले बनाएको छ ।

यसै वीच सरकारले पनि विपक्षीहरुको आन्दोलनलाई कमजोर पार्ने योजना सहित सुरक्षा निकायलाई सतर्कता रहन निर्देशन दिएको र आवश्यक भएमा गिरिफ्तार गर्ने र गिरिरफ्तारमा परेकाहरुको सूची नै तयार गरि भविश्यमा सरकारी नोकर ीका लागि अयोग्य हुने घोषणा गर्ने तयारी समेत गरेको अवस्था छ। सोहि समयमा संविधानसभाको बैठक पनि सुरु गर्ने सत्तारुढ दलको तयारी रहेको छ ।

अतः अव चैत्र १५ गतेवाट मुलुकमा नयाँढंगको राजनीतिक माहोल बन्ने अवस्था छ। त्यसैले चैत्र १५ गते पनि नेपालको राजनीतिमा नयाँ कोर्ष सुरु हुनसक्ने अवस्था आएको छ। त्यो कोर्ष कतातिर मोडिने हो अहिले भने त्यतिकै भन्न सकिने अवस्था छैन ।

## कांग्रेस र एमाले भित्र विवाद चर्कदै

विपक्षी ३० दलीय गठबन्धनले आन्दोलन जारी राखेको अवस्था साथै पाँच माओवादी पार्टी एकताका लागि प्रयास भइरहेको वर्तमान अवस्थामा सत्ताको नेतृत्व गर्दे आएको नेपाली कांग्रेस र सत्ता साझेदारी दल एमालेमा भने विवाद चर्कदै गएको छ ।

नेपाली कांग्रेसको महाधिवेशनका लागि सदस्यता वितरणको सवालमा बरिष्ठ नेता शेरबहादुर देउवाले असन्तुष्ट ब्यक्त गर्दैं सदस्यता वितरण कार्यमा संस्थापन पक्ष एकलौटी ढंगवाट हिडेको आरोप लगाउनु भएको छ । त्यसैले कांग्रेस भित्र अव पार्टीको नेतृत्व गर्ने होडबाजीका कारण सदस्यता वितरणको सवालमा विवाद बढ्दै गएको हो ।

कांग्रेसको महाधिवेशन जति जति नजिक हुदै जान्छ त्यति त्यति नै विवाद बढ्दे जाने संभावना रहेको कांग्रेसका एक नेताले बताएका छन्। पार्टीको १३ औं महाधिवेशनका लाीग सदस्यता वितरण र नविकरणमा संस्थापन पक्षले केन्द्रीय कार्यसमितिको निर्णय र विधान विपरित धाँधली गरेको अरोप लगाउदै देउवा पक्षले छुट्टै रुपमा भेला समेत गर्न थालेको अवस्था छ ।

उता सत्ता साझेदारी दल एमाले भित्र पनि पार्टी अध्यक्ष केपी शर्मा ओली अर्थात संस्थापन पक्ष र बरिष्ठ नेता माधव कुमार नेपाल पक्षवीच विवाद झन झन चर्कदै गएको छ। विवाद चर्कदै गएको कुरा युवा संघ नेपालको छुट्टा छुट्टै कार्यक्रम गरेपछि सार्वजनिक भएको हो र संस्थापन पक्षका युवा संघका कार्यकर्ताहरुले बरिष्ठ नेता माधव कुमार नेपालले युवा संघ विरुद्ध बोलेको भन्दै उहाँलाई कारवाहीका लागि समेत माग गरेको छ । यसरी एमाले भित्र पनि विवाद बढ्दै गएको अवस्था छ कांग्रेस र एमाले भित्र ।

समयमै समाधान नगरे कांग्रेस र एमाले भित्र विवाद झन झन चर्कदै जाने र स्वयं सरकार समेत कमजोर हुने साथै संविधान निर्माणमा पनि प्रभाव पर्ने अनुमान गर्न थालेको छ ।

## सुवर्ण अवसर ! सुवर्ण अवसर !!

"Education is the Key of Knowledge"
contact for New Session
Kirtipur English Boarding High School (KEBS)
नर्सरीदेखि कक्षा ९ सम्म भर्नाका लागि सम्पर्क गर्नुहोला ।

**सुविधा तथा विशेषताहरु :**

–कक्षा १ देखि ९ सम्म करिब ५० जना विद्यार्थीहरुलाई ५०% छात्रवृतीको व्यवस्था गरिएको छ। सोका लागि चैत्र २० गतेभित्र स्कुलमा सम्पर्क गर्नुहोला ।
–यातायातको व्यवस्था भएको –Computer कक्षा
–विभिन्न अत्तिरिक्त क्रियाकलाप, खेलकुद, गीत, संगीत तथा नृत्य प्रशिक्षणको व्यवस्था
–विदेशी शिक्षक, शिक्षिका द्वारा Chinees Language पढाउने व्यवस्था
–Boarders तथा Day Boarders को व्यवस्था भएको
–मन्टेश्वरी विधिद्वारा सिकाइने (Montessori Based)
–अनुभवी तथा तालिमप्राप्त शिक्षक शिक्षिकाद्वारा अध्यापन गराउँदै आइरहेको ।
–SLC परीक्षामा उत्कृष्ट सहित १००% प्रथम श्रेणीमा उत्तीर्ण
–२०७२ बैशाख १५ गते सम्म भर्ना निःशुल्क गरिने ।

सम्पर्क
KEBS
**Tyanglaphant, Kirtipur, 9849052978**

## Kirti Secondary Boarding School

Kirtipur-17, Nayabazar
**A Montessori Based English Medium School Announces**

Admisson Open from Play Group to IX

**Where your child is cared individually and distinctively for the session 2072**

-: Forms are being distributed at School's office
For Details Please contact :
014332513, 9841669780, 9841373952

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# अविश्वासको राजनीति

**नेपालको राजनीतिमा प्रमुख राजनीतिक दलका नेताहरु वीच औपचारिक रुपमा संवाद तथा वार्ता समेत हुन छाडेको छ । सत्तापक्ष कांग्रेस र एमाले एकतातिर र एकीकृत माओवादी सहितको ३० दलीय गठबन्धन अर्कोतिर रहेको अवस्थामा संवादलाई समेत निरन्तरता दिन सकिरहेको अवस्था छैन । सत्तापक्षले विपक्षीहरुलाई वार्तामा आएन भनी आरोप लगाउने अर्थात वार्तालाई छोडी आन्दोलनमा गयो भन्ने । तर उता विपक्षीहरु भने सत्तापक्ष वार्ताका लागि वार्ता मात्र भन्ने वास्तवमा वार्तावाट समस्या समाधान गर्न चाहिरहेको अवस्था छैन त्यसैले बाध्य भई आन्दोलनमा लागेको बताइरहेको अवस्था छ ।**

**यसरी एक पक्षले अर्को पक्षलाई आरोप लगाउने र आ आफ्नो वाटोमा हिड्नुको प्रमुख कारण भनेको सत्तापक्षप्रति विपक्षको र विपक्षीप्रति सत्तापक्षको अविश्वासको खाडल झन झन बढ्दै गएकोले हो भन्न सकिने अवस्था छ । विगतमा आन्दोलनका लागि सहमति भई मुलुकमा गणतन्त्र समेत स्थापना गर्न संगसंगै हिडेका राजनीतिक पार्टीका ती नेताहरु अहिले भने एक पक्षले अर्को पक्षलाई अविश्वास गर्दै जानुको अर्थ मुलुकमा नयाँ राजनीतिक अवस्था सृजना हुन सक्नेको संकेत हो ।**

**जे जस्तो भएतापनि दलका नेताहरु अहिलेको अवस्थामा वार्तालाई पनि निरन्तरता दिदै गए पछि सहमतिका लागि वातावरण बन्नेछ । अन्यथा परिस्थिति परिवर्तन भएमा एक पक्षले अर्को पक्षलाई निषेध गर्ने अवस्था समेत आउन सक्छ । त्यसैले नेताहरुले समयमै ध्यान दिनुपर्छ ।**

# गजल शौरभ शाक्यया

गजल-१०

झनझन तःचात जुयावन व गाः छु यायेगु
झनझन स्यानावल व घाः छु यायेगु ।

गुलि सहयाना च्वनेगु यायाथे याका सुनां
सहयालिसे क्वत्यला हल धाः छु यायेगु ।

क्वत्यलिसे दनावइगु इतिहासया नियमथें
गथे मवइ छन्हू झीगु पाः छु यायेगु ।

यक्वः आसत लहिना म्वाना थ्व जिन्दगी
पूमवन छुं छु धकाः यक्वः हाः छु यायेगु ।

नुगलय् मि तयाः म्वायेसल सौरभं
मि पलाः तइच्वंगु छं चाः छु यायेगु ।

# हामी कस्ता छौं -३



–नजरराम महर्जन–

हाम्रो देश नेपाल एक स्वतन्त्र सार्वभौम सम्पन्न राज्य हो । संयुक्त राष्ट्र संघको एक सदस्य राष्ट्र पनि हो । संयुक्त राष्ट्र संघमा स्वतन्त्र राष्ट्रको रुपमा दर्ता हुन त्यस राष्ट्रको भाषा लिपि अरू देशसँग मेल खानु हुँदैन अर्थात् अलग्गै भाषा लिपि हुनुपर्छ । नेपालले संयुक्त राष्ट्रसंघको सदस्यता लिने बेला नेपालको भाषाको रुपमा अहिले हामीलाई नेपाली भाषा भन्न बाध्य पारेका खस् भाषा र अहिले हामीले लेख्दै आएका देवनागरी लिपि पेश गरेको थियो । तर सयुक्त राष्ट्र संघले त्यस भाषालाई भारतको हिन्दी भाषाको एक हाँगाको रुपमा मान्यो र लिपिलाई पनि भारतको लिपि भनेर स्वतन्त्र राष्ट्रको रुपमा नेपाललाई मान्यता दिन इन्कार गर्‍यो ।

त्यसबेला नेपालले रञ्जना लिपि र नेवार भाषालाई नेपालको राष्ट्रिय भाषाको रुपमा पेश गर्‍यो जसको आफ्नै मौलिकता र छुट्टै पहिचान छ र कुनै पनि देशको भाषा र लिपिसँग मिल्दैन त्यसैले नेपालले आफूलाई स्वतन्त्र राष्ट्रको रुपमा मान्यता पायो । त्यसबेलादेखि नेवारहरुले नेवारभाषालाई नेपालभाषा भन्न थालेको हो । तर त्यसबेलाका शासकहरुले खसभाषालाई राष्ट्रभाषाको मान्यता दिएर चलनचल्तीमा देवनागरी लिपि प्रयोगमा ल्याइयो । जुन अद्यावधि कायमै छ ।

यसरी किन भयो त ? भन्ने सवालमा हाम्रा शासकहरु र राज्य संचालन गर्ने व्यक्तिहरुमा विदेशी मोहको कारण हो । बाबुभन्दा साहु प्यारो मान्ने चलनले गर्दा हो । यदि हामी स्वाभिमानी भएको भए साहुभन्दा बाबु प्यारो हुनुपर्ने हो । हिन्दी भाषाको एक शाखा भाषा र लिपि भन्दा आफ्नै मौलिक लिपि र भाषाप्रति माया हुनुपर्ने हो ।

नेपालमा राणा शासन ढाल्न भारतको अगुवाईमा दिल्लीमा राजा, राणा र नेपाली कांग्रेसको सम्झौता भएको थियो । जस अनुसार मोहन शमसेर प्रजातन्त्र आउँदाको पहिलो प्रधानमन्त्री बने । त्यसपछि पनि नेपालको हरेक आन्दोलनमा भारतले हस्तक्षेप कारी भूमिका निभाउँदै आएको जगजाहेर छ । २०६२/ ०६३ सालको आन्दोलन हुनुभन्दा अगाडि तत्कालीन सात दलिय गठबन्धन र जनयुद्ध गरिरहेका माओवादी बीच १२ बुँदे सम्झौता पनि भारतको दिल्ली मै भएको थियो । भारतको सहयोग बिना नेपालले केही गर्न सक्दैन । २०४६ सालको आन्दोलन भन्दा अगाडिको प्रधानमन्त्रि मरिचमान सिंहले भारतले भनेको कुरो नमान्दा १८ महिनासम्म नेपाललाई नाकाबन्दी गरेर, विरोधी राजनीतिक पार्टीहरुलाई उक्साएर जन आन्दोलन गराएर पञ्चायत शासन व्यवस्था नै ढाली दियो ।

हामी जतिसुकै स्वतन्त्र भने पनि स्वतन्त्र छैनौं । भारतको उपनिवेश जस्तो छ । त्यसैले हिजो भारतलाई विस्तार वादी भन्ने बिल्ला लगाएर राजनीति गरेर आएका कम्युनिस्ट पार्टीहरुले पनि आज भारतको गुलाम गर्न बाध्य भएका छन् । गुलामी स्वीकारीर हेका छन् । दिनहुँ नेपाल भारतको सिमानामा भारतीय सिमा सुरक्षा बलले नेपालमा अतिक्रमण गरेर नेपालीहरुलाई गिरफ्तार गरे, सिमानामा नेपाली लुटिंदा पनि मुक दर्शक भएर बसे भन्ने खबर आउँछ । हामी निरिह भएर टुलुटुलु हेरिरहन्छौं । तिनै नेताहरुले कोशी बेच्यो, गण्डक बेच्यो, महाकाली बेच्यो, टनकपुर बेच्यो भनेर हामी औंलामा गनिरहन्छौं, केही बोल्न सक्दैनौं । तिनै पार्टीहरुलाई सत्ता सुम्पिन्छौं । हाम्रो मानसिकता नै विदेशमुखी बनिसकेका छन् ।

केही महिना पहिले नेपालमा पेट्रोलको हाहाकार, ग्यासको हाहाकार भएको थियो । त्यसबेला म पत्रिका छाप्न प्रेसमा गएको थिएँ । केही समय लाग्ने भएकोले एउटा चिया पसलमा चिया खान गएँ । त्यहाँ पाँच छ जना युवाहरु खाजा खाइरहेका थिए । खाजा खाँदै उनीहरु गफ गरिरहेका थिए । उनीहरुको गफ सुनेर म आश्चर्यचकित भएँ । उनीहरुमध्ये एकजना भन्दै थिए, "भन्ने बेला नेपाल स्वतन्त्र राष्ट्र भन्छन् तर व्यवहारमा भारतको एउटा प्रान्त जस्तो छ । भारतबाट सामान नल्याए नेपालमा कामै चल्दैन । बरु नेपाललाई पनि भारतकै एउटा प्रान्त घोषणा गरिदिएको भए हुन्थ्यो ।"

"हो त नि भारतको एउटा प्रान्त भएको भए न त पेट्रोलको हाहाकार हुन्थ्यो । न त ग्याँसको हाहाकार हुन्थ्यो । न त लोडसेडिङको मार नै खेप्नु पर्थ्यो । क्या रमाइलो हुन्थ्यो ।" अर्को केटाले भन्यो ।

"त्यतिमात्र कहाँ हो र ? हामीकहाँ ३ लाख पर्ने पल्सर मोटरसाइकल त्यहाँ अस्सी हजार मा पाउँछ । हामीकहाँ ९ लाख पर्ने नानो कार त्यहाँ साढे दुई लाखमा चढ्न पाइन्छ ।" अर्को केटाले भन्यो ।

"यार साढे दुईलाखमा पाइने भए म यो पल्सर मोटर साइकल किन्नुभन्दा नानो कार नै किन्थें । थाहा छ अस्ति हामी सिक्किम घुम्न गएका थियौ त्यहाँ त काम नपाएको बेरोजगार युवा युवतीहरुलाई सरकारले भत्ता दिंदो रहेछ । प्रान्तिय सरकारमा त्यहाँका सिक्किमेली बाहेक अरुलाई नोकरी नै दिंदोरहेन छ ।"

उनीहरुको कुराले के बुझाउँछ भने अहिलेका युवाहरुमा राष्ट्रियता र राष्ट्रियता भन्ने भावना नै रहेन छ । राष्ट्रियताको भावना पैदा गर्न यहाँ राष्ट्रिय आन्दोलन हुनुपर्छ । यहाँ जति आन्दोलन भएका छन् केवल सत्ता परिवर्तनको लागि मात्र भएका छन । अहिलेका युवाहरुमा व्यक्तिवादी चिन्तन हावी हुँदै गइरहेका छन् यसो हुनाको मूलकारण हाम्रो शिक्षा र शिक्षा पद्धतिको दोष छ । आजकल केवल कक्षा पास हुनको लागि पढाई गर्छ । पढेर विदेश जाने सोच्छन् । विदेशमा गएर जस्तोसुकै काम गरेर खान पनि तयार हुन्छन् तर आफ्नो देशमा सिन्को भाँच्न चाहँदैन । विदेशमा यति विकास भयो । उति विकास भयो भनेर हामी कुरा गर्छौ तर आफ्नो देशमा कसरी विकास गर्ने भन्ने कहिल्यै सोच्दैनौं ।

यसमा युवाहरूको मात्र दोष छैन । हाम्रा राजनीतिक नेताहरुको दोष हो । नेपालका राजनीतिक पार्टीहरुको कुनै नीति र सिद्धान्त नै छैन । हात्तीको देखाउने दाँत र खाने दाँत अलग अलग छन् भनेझैं यहाँका पार्टीहरुका नेताहरुले जतिसुकै नीति र सिद्धान्तको कुरा फलाके पनि आखिर उनीहरुको र ाजनीतिको उद्देश्य भनेको सत्ता प्राप्त गर्नु रहेका छन । सत्ता प्राप्त गर्नको लागि हठकण्डा अपनाउन पनि पछि पर्दैन । त्यसैले हरेक वर्षमा सरकार परि वर्तन भइरहन्छ । दिगो सरकार बन्नै सकेको छैन । नेताहरु देश विकासको भन्दा आफ्नो र पार्टीको भलाईको बारेमा सोच्छन् । देशका कर्णधार युवाहरुलाई विदेशमा काम गर्न पठाएर आएको रेमिटान्सले देश धानि राखेका छन् । त्यसैमा गर्व गर्छन् । युवाहरुलाई विदेशमा काम गर्न पठाउन नयाँ नयाँ गन्तव्य देश सत्ताधारीहरुले नै खोजि दिन्छन् । विदेश गएका युवाहरुलाई स्वदेशमै उद्योग धन्दा बढाएर काम गराउँ भन्ने सोच कहिल्यै आएन ।

नेपालका नेताहरु आफ्नो देशको राजनीतिक हल खोज्न कोही दक्षिण छिमेकी मुलुकमा गुहार माग्न जान्छन् त कोही उत्तर छिमेकी मुलुकमा सयर गर्छन । अर्काको आशिर्वादले आफ्नो देशमा रजाई गर्ने दास मानसिकता बोकेका सत्ताधारी होस् वा विपक्षमा रहेका नेताहरु को सोच भएपछि यहाँ स्वाभिमानी विचार कहाँबाट आउँछ ? जव स्वाभिमानी विचार नै आउँदैन भने देश विकास गर्ने सोच कहाँबाट आउँछ ?

त्यसैले हामीमा पहिले स्वाभिमान विचार आउनु पर्‍यो, कुनै पनि स्वाभिमान व्यक्ति कसैको दासत्व स्वीकार गर्दैन । तर हाम्रो नेपालका नेताहरुले हामीलाई स्वाभिमान बन्नै दिदैन कुनै पदमा जागिर खानको लागि कुनै न कुनै पार्टीको सदस्य हुनै पर्छ । जारिमा प्रमोशन हुन पार्टीको सदस्य बन्नै पर्ने बाध्यता छ । अनि पार्टीको सदस्य भएपछि पार्टीले देश बेचोस् या आफूलाई नै बेचोस चुपचाप सहने हाम्रो बानी छ । आजकल विश्वविद्यालयको कुलपतिदेखि र ाजदूत बन्न र राजनैतिक नियुक्ती नै पार्टीको भागबन्दा अनुसार हुने भइसक्यो । प्रहरी देखि अदालतका न्यायाधीश हुन पनि राजनैतिक भागबन्दामा पर्ने भइसक्यो । राजनैतिक दासता स्वीकारेर आएका पदाधिकारीहरु ले राजनैतिक पार्टीको स्वार्थ बाहेक अरु क्षेत्रमा के निस्पक्ष भएर काम गर्न सक्छन् ।

अब त पार्टीहरु पनि पार्टी जस्तो नै रहेन । पार्टीहरु पनि व्यक्तिवादी भइसकेका छन् । हरेक पार्टीमा दुई तीन गुट उपगुटहरु छन् । फलाना पार्टीको फलाना पक्षको भन्ने गर्छन् । अनि त्यस्तालाई कसरी स्वतन्त्र व्यक्तित्व भन्ने ? हरेक पार्टीको नागरिक समाज छ । भन्ने बेलामा स्वतन्त्र नागरिक समाज भन्छन् तर कुनै न कुनै पार्टीमा आवद्ध भएका हुन्छन् । दास मानसिकता भएका व्यक्तिहरुले के निश्पक्ष निर्णय गर्ला ?

# नेकपा–माओवादी कीर्तिपुरको अन्तरक्रिया र ज्ञापन पत्र



संविधान सभा बाहिर रहेका नेकपा-माओवादी कीर्तिपुर नगरसमितिले "कीर्तिपुरको सार्वजनिक सम्पदा संरक्षण एवं पूर्वाधार विकासको सम्भावना र चुनौती" विषयमा अन्तरक्रिया कार्यक्रम गरेको छ।

गत फागुण ५ गते कृष्ण क्याटरिङको हलमा सम्पन्न भएको उक्त कार्यक्रमको अवधारणा पत्र प्रा.डा. चन्द्रमान बज्राचार्यले प्रस्तुत गर्नु भएको थियो। उक्त अवधारणा पत्रमा कीर्तिपुर न.पा. वडा नं.७ मा रहेका सीम झवाहिटीस्थित ४ रोपनी ४ आना १ पैसा बगर उल्लेख भएको सार्वजनिक जग्गालाई नापी गरी उपयोगमा ल्याउन तुरुन्त कदम चाल्नु पर्ने, कीर्तिपुर क्षेत्रमा रहेका सार्वजनिक जग्गाको विनास र व्यक्तिगत फाइदा उठाइरहेको, कीर्तिपुरमा पानीको समस्या किन र कसरी भयो ? त्यसको समाधानको उपाय बारे पनि विस्तृत विवरण दिइएको थियो।

नेकपा-माओवादी कीर्तिपुर नगर सचिव अर्जुन महर्जनको सभापतित्वमा प्रमुख अतिथी पार्टीका केन्द्रिय सदस्य एवं पूर्व सभासद विमला थापा रहनु भएको थियो।

नगर संयोजक विराटले संचालन गर्नु भएको उक्त कार्यक्रममा अवधारणा पत्र माथि राजनीतिक विश्लेषक एवं सभासद श्याम श्रेष्ठले टिप्पणी गर्नु भएको थियो । उहाँले र ाजनैतिक दलहरु एक ढिक्का भएर लागेमा सो समस्या समाधान गर्न सकिने बताउनु भयो । अन्य छलफलमा भाग लिनेहरुमा ज्यापु महागुथिका नजरराम महर्जन, प्रा.डा. हरि महर्जन, नेपाली कांग्रेस नगर सभापति कृष्णमान डंगोल, एनेकपा माओवादीका सिद्धिकुमार मानन्धर, एनेकपा माओवादी युवा फाँटका पंचलाल महर्जन, नेमकिपाका हरिकुमार महर्जन, महिला प्रतिनिधि एलिना मालीलगायतले आ-आफ्नो विचार राख्नु भएको थियो।

प्राय सबै वक्ताहरुले सार्वजनिक सम्पदाको संरक्षण गर्नु पर्नेमा जोड दिनु भएको थियो। स्थानीय निकायमा जन प्रतिनिधि नभएको कारण नगर पालिकामाथि ठूलो जिम्मेवारी आएको छ। संक्रमण कालको फाइदा उठाउँदै व्यक्तिगत फाइदा उठाइरहेको निश्कर्षमा पुगेको थियो। सो को समाधानको लागि जनता नै अघि बढ्नु पर्ने बताउनु भयो।

कीर्तिपुर नगरपालिकामा क्रियाशील राजनैतिक पार्टीहरुको राजनैतिक दरिद्रताका कारण नै कीर्तिपुरमा अपेक्षा गरे अनुसार विकास हुन नसकेको, दलगत स्वार्थभन्दा माथि उठेर काम गरेमा अवश्य पनि कीर्तिपुरको विकास हुने पंचलाल महर्जनले धारणा राख्नु भयो।

नव नियुक्त की.न.पा.का कार्यकारी अधिकृत नूरहरि खतिवडाले आफू भर्खर आएको कारण वास्तविक के हो भन्ने बुझेर नगरवासीको सहयोग पाएमा ती समस्या समाधान गर्न आफू लागि पर्ने बताउनुभयो। नगरपालिकाका कर्मचारीहरुले मात्र केही गर्न नसक्ने, स्थानीय राजनैतिक पार्टी र जनताले सहयोग गरेमा अवश्य पनि समस्या समाधान गर्न सक्ने धारणा राख्नुभयो।

प्रमुख अतिथि पार्वती थापाले कीर्तिपुरमा खानेपानीको अभाव हुनुमा खानेपानीको श्रोत ठिकसँग परिचालन नभएको कारणले भएको ठोकुवा गर्दै नेकपा-माओवादी संविधान सभामा नभए पनि सधैँ जनताको साथमा रहेको जनाउँदै जनताको हरेक समस्यामा साथ दिने प्रतिवद्धता जनाउनु भयो।

कीर्तिपुर नगरपालिकामा विद्यमान समस्याहरूको समाधान गर्न नेकपा-माओवादीले गत चैत्र ८ गते आइतवार ज्ञापन पत्र बुझाइएको छ । नगर



इन्चार्ज विराटको नेतृत्वमा गएको एक प्रतिनिधि मण्डलले की. न. पा. ज्ञापन पत्र बुझाएको छ।

उक्त ज्ञापनपत्रमा भनिएको छ । सुन्दरी घाट क्षेत्रमा भैरहेको सार्वजनिक जग्गा अतिक्रमण अविलम्ब रोकियोस । अतिक्रमणकार ीहरुलाई कसुर अनुसार आवश्यक कारवाही गरियोस्। कीर्तिपुर नयाँबजार क्षेत्रमा पार्किङ्ग व्यवस्था गरी की. न.पा.लाई प्लास्टिक झोला मुक्त सहर घोषणा गरियोस्। सिम झवाहिटी दूधपोखरी, भाजंगालको रिजरभ्वायर क्षेत्र लाई तुरुन्त जलाधार क्षेत्र घोषणा गरी खानेपानी उत्पादन, प्रशोधन र वितरणको प्रकृया अविलम्ब थालनी गरियोस्। जलाधार क्षेत्रको उचित संरक्षण सहित कीर्तिपुर अन्तर्गत बाहिरी चक्रपथ निर्माण कार्य थालनी गरियोस्। नगरपालिकाको समग्र गतिविधिमा नागरिकहरुको चासो, पहुँच, नेतृत्व र नियन्त्रण सुनिश्चित गर्न गराउन नागरिक भेला मार्फत स्वतन्त्र समाजसेवीको नेतृत्वमा "नगर पालिका सरोकार समिति" गठन गरियोस्, घरेलु महिला हिंसाको मुख्य कारक रहेको जुवा-तास, खुल्ला मदिरा बिक्री वितरमा अविलम्ब नियन्त्रण गरियोस, सडक विस्तार गर्दा निजि जग्गाको उचित क्षतिपूर्ति सहित मुआब्जाको व्यवस्था गरियोस लगायतका १७ बुँदे माग पेश गरिएको छ।जनताका जायज मागहरु लाई तत्काल संबोधन गर्न माग गरिएको छ। संघर्ष रहर होइन, बरु समस्या समाधानको निमित बाध्यात्मक विधिमात्र अपनाइएको जनाइएको छ।





गुणस्तरीय निर्माण सामग्रीगरु सुपथ मुल्यमा

हाम्रा सेवाहरु
• डन्डी • बाँस • ईट्टा
• रोडा • बालुवा • सिमेन्ट

सम्पर्क :
बालकुमारी सप्लायर्स
पाागा, हनुमानघाट

प्रोप्राइटर सुरेन्द्र महर्जन
फोन : ९८४३९३४५३३, ९८०३५२३७५७, ४३३५४७६




उपभोक्ता बचत बजार प्रतिक्षा गर्नुहोस्

विस्तृत जानकारीको लागि

बाघभैरव इलेक्ट्रिक हाउस, कीर्तिपुर

पाँगा दोवाटो, कीर्तिपुर सपिङ कम्पलेक्स

9851178574÷9803822153

# स्वर्गिय शुकराम दाइया स्वस्थानी बाखं

*नेपालभाषाया नाटक साहित्य, संगित ख्यः व थीथी समाजिक सेवाय् मन क्वसायक्का समाज सेवा याना २०६२ साल मंसिर महिनाय् ८० दँय् दिवंगत जुयादीम्ह पाँगा भुजिन्द त्वाःया शुकराम महर्जनं थीथी सफूत ब्वनाः नेवाःतसें थुइक मांभाय् नेपालभाषां च्वयादीगु माघ लच्छि बाखं कनीगु श्री स्वस्थानी बाखंया सफूया छुं छुं ब्वः थन न्ह्यब्वय् त्यनागु जुल । थुकी छुं भिंके माःसा सुझाव बियादिइत इनाप यानाच्वना (संपादक)*


स्व. शुकराम महर्जन

**(वंगु वालय् श्रीस्वस्थानी परमेश्वरी व्रतकथाया नीछगूगु अध्याय ब्वना दिल आः कथहं ब्वनादिसँ)**

कुमारं आज्ञा जुयाः बिज्यात– हे अगस्त्यमुनि ! अन उप्रान्त ताःकाल दसेंलि छन्हुया दिनय् शिवशर्मा ब्राम्हणं थःम्ह स्त्री गोमयजुयात धयादिल– हे स्त्री ! छ गर्भिणी जुयाच्वन छंगु इच्छाअनुसार भोजन छकः याके फुगु मखु छैँय् नं छुं दुगु मखु । हानं धेवा निगः द्वहाँवैगु छुं लँ दुगु मखु । ला बलां मचाबुइ छु यानाः व्यवहार हनेगु न्ह्यागु ज्या यासां धेबा यागु हे दरकार दु । बिना धेबां छुं कार्य जुइमखु । अथेजूगुलिं जि परदेश वनाः सुँ दातापिंके छुं चीज फोनाहये अथवा नोकरी यानासां छुं भच्चा धन ज्वना वये । छं वहुत होसियारी जुयाः थःगु शरीर संभार यानाः छैँय् विचाः यानाः च्वँ । जि मंत धकाः ख्वयाहाला जुइमते जि याकनं लिहाँ वये धकाः धाःगु स्वामीया वचन न्यनाः– हे स्वामी ! सोसो खँखं थजःगु शरीरम्ह थजःगु एकान्त थासय् त्वःताः गन परदेश झायेगु मनसुवा याना ? जि मिसाजाति याकःचा छु याना छु नया च्वनेगु ? जित सुनां बी ? हानं छि आमजःगु बुढेशकालय् याकःचा ह्वनेगु थ्व हृदय मानेमजू । आमजःगु उमेर जुइका सुनाः पत्याः याइ ? थःगु शरीरय् ला हि दया बल्लाना च्वतले हे खः पत्याः याइ, संसार मतलवी खः आम उमेर मदयेका परदेश झायेगु धयादीमते स्वःफते अनपत्यार जुइका चाः चाःहिला खाली दुःख जक सीगु थें जुइ उगु इलय् छितः यःधकाः स्याहार यायेत सु वै ? अथेजूगुलिं परदेश झायेगु खँ ल्हाना दीमते करजोरी सहश्र बिन्ति दु । झी थन यजमानपिंके फोना हयाः ज्यू ज्यूथें जिबिका याना छुं भच्चा भच्चा संचय यानाः हे लिपा उकिं हे व्यवहार चले यानाः छ्वये धकाः बिन्ति याात । अले शिवशर्मा ब्राम्हणं धयादिल–हे प्रिय छं धाःगु खँ सोन्है आना पक्कागु खँ खः तर झिपिं ब्राम्हण जात जुयाः थःगु जातित्व अनुसार कर्म मयासे मज्यू । गृहस्थि धर्मया नियम अनुसार न्ह्याथिंजाःगु व्यवहार नं सामना याना वनेमाः व्यवहार हनेत धनया दरकार दु धन उपार्जन यायेत दुःखसिमा अथेजूगुलिं छं छुं सन्देह कायेमते भरसक जि ला लावलाँ वये जि लिहाँ मवःतले झी चन्द्रज्योति नगरया जजमानपिंगु ग्वाहालि कयाः जीवन निर्वाह यानाच्वं धका नानां तरह नं ह्येकाच्वन । अले गोमयजुं फक्को मन धीरज याना वडो कष्टसाथ हवस धकाः मञ्जुरि यासेंलि शिवशर्मा गोमयजुयाके बिदा जुया भिक्षा फोने धकाः परदेश वनाः निन्हु प्यन्हू चाःहिला जुजुं छन्हु सुथय्सिया इलय् गंगा म्वःल्हुया नित्य पूजा यायेत फलफुल मदयाः सुं छम्ह दातायाके फोने धकाः उखेंथुखें चाःहिला मालाः जूगु बखतय् ऋषिया आश्रम जःखः बगैचाय् रंगी विरंगी फलफुल खनाः धयाः दिल– हे ब्राम्हणदेव ! नित्य पूजायायेत कृपया फलफुल भच्चा कृपा यानाःदिसँ । अले वृद्ध ब्राम्हणं धाल– छ सु ? थन छुया वयाम्ह धकाः न्यसेंलि शिवशर्मा ब्राम्हणं धयादिल जि चन्द्रज्योति नगरय् च्वंम्ह शिवशर्मा धाम्ह ब्राम्हण खः जिगु छैँय् जहानया गर्भवती जुयाच्वन गर्भाधान कर्म यायेमाःगुलिं भिक्षा फोने धकाः परदेश चाह्यू वयागु । थुलि शिवशर्माया वचन न्यनाः वृद्ध ब्राम्हण धा छित माक्को फलफुल कयादिसँ । अले फलफुल खाय् धकाः सिमाय् थहांवन देवसंयोगं सिमा कचा त्वःल्हुयाः सिमां कुतुंवया प्राण त्यागजुल । लिपा श्री महादेव स्वरूप जुयाः कैलाश पर्वत बिज्यात । श्री महादेव बिज्याःगु खनेवं पार्वतीं लुँयागु कमण्डलु ज्वनावया लखं तुति चाया दुने ब्वना यंकाः धाल– हे इश्वर ! मिजंतधैपिं पापी जुयाच्वन खनी । पिने बांलाःम्ह सुं मिसा छम्ह खनेवं छैँय्यागु श्री सम्पत्ति धयागु हे त्याग यानाः जुइफु, बल्ल दर्शन दत । गजःगु सुख आराम यानाच्वंम्हसित अने अनेगु कल छल यानाः गर्भिणी जुइकाः अजाःगु एकान्त थासय् याकःचा वां छ्वया बिज्यात भच्चा नं दयामाया मवंला ? विचरा गोमयजुं आः छु जक यानाः जीवन हनाच्वनी ? पार्वतीया वचन न्यनाः श्री महादेवं मुसुमुसु न्हिलाः आज्ञा जुल– हे पार्वती ! सेवक जुयां छु याये ? वैगु पूर्व जन्मय् यानाः वःगु पापयागु प्रायश्चित भोग मयाकूसे गन ज्यू ? धन्दा कायेमते आः विस्तार विस्तारं गोमयजुं सुखी जुयाः वै धकाः अनेक वार्तायानाः भवानि शंकर परमआनन्दं बिज्यात । अनं उप्रान्त, भिक्षा फोने धकाः परदेश झाःम्ह स्वामी च्याला झिला दत नं लिहांवःगु मखु गोमयजुं गर्भिणी अवस्थाय् इच्छानुसार धौ दुरु मरि नयेगुला गन म्हंगसय् तक नं खंगु मखु । झन न्हिच्छिया छह्लाः नयेत दुर्लभ जुइका नानां किसिम दुख सियाच्वन । गोमयजुया मन

मनं खँल्हात–हे विधाता ! न्हापा जि तिनख्वाः तासया वस्तं पुना मनं तुनागु चिज नयाः गजःगु ऐश आराम कया च्वनाम्ह थौं शरीरय् वस्त्र छकू मदयेकाः बोरा भ्वाथः छकू हिनाः नं मूताः मन्त न जा छपे गुबलें म्हुतुइ लाके खँ । केवल कःनि धेर छकूचा प्राण रक्षा याना च्वनेमाल । थ्व नं यजमानपिनिगु धर्म दया धिकार जिगु जन्म धिकार जिगु कर्म धकाः नुगः ख्वयेका मिखां ख्वबि वयेका थःगु दुःख स्वया दुथें फुथें नयाः च्वँच्वं झिला पूर्णजुया दक्को राज्य लक्षणं संयुक्तम्ह पुत्ररत्न जन्म जुल । यजमानपिं ग्वाहालि कया वहे नगरय्च्वंपिं ग्वाहालि कया वहे नगरय्च्वंपिं ब्राम्हण पण्डित सःताः ब्राम्हण नीति अनुसार न्वारनयात न्वारन धुंकाः ब्राम्हणपिंसं ज्योतिष शास्त्र धाःगु विचार यानाः बालखया नां नवराज धकाः नामंकन यानाः धाल– हे गोमयजु ! थ्व बालक सम्पुर्ण राज लक्षणं परिपूर्ण जुयाच्वंम्ह खः । उकि लक्षण अनुसार थ्व बालख अवश्य जुजु जुइमाः । छित नं हरेक खँय् सुख सन्तोषयाना मातृ सेवक जुइ थ्व बालखया पाखें मभिंगु खँ गुबलें न्यनेमाली मखु धकाः गुरु ब्राम्हणपिनिगु वचन न्यनाः गोमयजु अति हर्ष यानाः थःगु गच्छे अनुसार दक्षिणा बिया प्रणाम यात । अले गुरु ब्राम्हणपिं दक्षिणा कया भोजन यानाः थःथःगु छैँय् लिहांवन । अनं लिपा थःम्ह पुत्र नवराजयात नकेगु पुंकेगु निम्ति चन्द्रज्योति नगरय् वनाः साहुतय्थाय् तँय् फेना थाज्या थानाः ज्याला कया नं छकूनिकू वस्त्र फोना हानं उखेंथुखें कुति वानाः जाकि छमना बामना बजि ल्हु वना छमना निमनाः फोना थः द्यांलाना सां पुत्र नवराजया इच्छानुसार नकाः पुंकाः स्याहार संभार यानाच्वन । नवराज मचानं शुक्ल पक्षया चन्द्रमाथें ह्वासाह्वासां तःधिकः जुयाः वसेंलि पिने पासापिंनाप म्हितः वन । पासापिंसं न्ह्यागु हे धाःसां ब्वःब्युसां सहयाना स्वयानाप ल्वाना वयेगु वानि मदु । न्हिच्छि पासापिंनाप म्हिताः बहनी छैँय् दुहाँ वै । थः मां नं छु बिल सन्तोष जुयाः नैगु सुंक देनीगु गोमयजुया थःम्ह पुत्र नवराजया थजःगु स्वभाव खनाः बहुत हर्षजुया थः यजमानपिंत वरावर पुत्र नवराजया स्वभाव व बानि व्यहोरा कनाच्वनीगु । हे यजमान भाजुपिं ! जिम्ह पुत्र नवराज न्हिच्छि पासापिंनाप म्हिताः वै, नयेगु ब्यु नं धाइगु मखु, छाय् मबिया नं धाइगु मखु, मबिल धकाः तं म्वेकीगु नं मखु । थ्व साः थ्व मसाः धकाः गुबलें खिजेयायेगु नं बानि मदु । ब्यूसा नल मब्यूसा सुंकच्वन । आः छुयाये जि स्वामी परदेश झाःम्ह आः तकनं लिहाँ मझाःनि, छैँय् सम्पत्ति नं दुगु मखु । छिकपिनिगु कृपां धेर छह्लाः नयाः ज्युँ त्युँ याना । उजं न्यनाः यजमान फुक्कं खुसि जुयाः थःथःम्हं छु छु बीफु गच्छे अनुसार ग्वाहालि याइ । थुगु किसिमं यजमानपिनिगु ग्वाहालि दसेंलि गोमयजुं सम्पूर्ण सामान तयार यानाः उत्तम उत्तम गुरु ब्राम्हण तयाः नवराजयागु चुडाकर्म व्रतवन्धादि यानाः वेद पुराणादि सम्पूर्ण शास्त्र अध्ययन याकल । छन्हुया दिनय् नवराजया स्वभाव व बानि व्यहोरा खनाः खुसीजुया यजमानपिं गोमयजुया थासय् वनाः धाल– हे गुरुमा ! छिम्ह पुत्र नवराजयात इहिपा यायेगु अवस्था जुल । वरुनापुर धैगु नगरय् अग्निस्वामी ब्राम्हणया पुत्री चन्द्रावती छम्ह कन्या दु । झी नवराजयात अत्यन्त ल्वम्ह जुयाच्वन । छिगु विचार छु दु ? थुलि यजमानपिनिगु वचन न्यनाः गोमयजुं धयादिल– हे यजमान भाजुपिं ! जि पुत्रया उपरय् छिकपिनिगु गुलि दया माया दुगु धन्य तर नवराजयात इहिपा यायेगु अवस्था जुयाः जि छु यायेगु ? छुं औकात अपाय्धंगु भरोसां जिविका यानाः ज्युँत्युँ यानाच्वना जिगु छैँय् धेबा निगः मुंकातयागु मदु । गन कया उलिमछि सामान तयार यानाः हयेगु स्वःस्वः खँखँ थजःम्ह कंगाल गरिबयात सुनां कन्यादान बिइ ? ब्यु हे ब्युसां छु याना इहिपा यानाः बिइगु ? थुलि गोमयजुया वचन न्यनाः यजमानपिंसं धाल– हे गुरुमा ! थःपिनि व्यवहार अनुसार छुछु सामान तयार यायेमाःगु दु । न्ह्यागु माःसां जिमिसं ग्वाहालि बिइ छिसं माःगु सामान जक तयार याना दिसँ । थुकि छिसं छुं हे पीर कयादीम्वाः थजःगु किसिमं यजमानपिनिगु वचन न्यनाः गोमयजुं धयादिल( हे यजमान भाजुपिं ! जि गरीवया उपरय् थुलिमछि करुण तयादिल छिकपिनि सदासर्वदा कल्याण जुइमा । अथेजुसेंलि उखें कन्याया मौबौपिंके इहिपा जुइगु खः मखु क्वःछिना पक्का यायेमाल पक्का जूसा गुबलय् साइत दु, व नं पक्का यानाः दीमाल । अले यजमान सकल उखे अग्निमुख ब्राम्हणया छैँय् वनाः कन्या बिइगु पक्का यानाः इहिपा यायेगु साइत दिं समेत क्वःछिना अन छैँय् लिहांवयाः थःम्ह गुरुमा गोमयजुयात उखेयागु खँ वृतान्त धयाः इहिपायात माःगु सामान सम्पूर्ण तयार यानाः ज्योतीषया लग्न अनुसार पुरोहित ब्राम्हण तयाः थःगु मर्यादा क्रमअनुसार नवराजयात वरुणापुरया अग्निस्वामीया पुत्री चन्द्रावतीनाप इहिपा यानाबिल । अनं लिपा छन्हुया दिनय् नवराज ब्राम्हणपिने पासापिंनाप म्हिताच्वंगु बखतय् पासापिंसं धाल- हे नवराज ! थौंतक जिमिसं नवराज धकाः धयाच्वना आवंलि बौ मदुम्ह धयाः जुइगु यदि छं बौ दुगु खःसा गन दु ? छिमि बौया नां छु ? जिमित कने फुला धकाः अनेक तरह नं हेला यानाः क्षुद्र वचन ल्हाःगु न्यनाः नवराज नाजवाफ जुइकाः नुग ख्वयेका सरासर वनाः थःम्ह मां गोमयजुयाथाय् वनाः पिने थः पासापिंसं गिजेयाना क्षुद्रवचन ल्हानाः धयाःहःगु खँ वृतान्त कनाः बिन्तियात-हे माता ! जि सोया पुत्र खः ? बाया नां छु ? बा दनिगु खःसा गन झायाच्वंगु दु ? थुलि पुत्र नवराजया वचन न्यनाः गोमयजुं वर्षाकालय् वां दाःथें मिखा निगलं ख्वबिया धारा हायेका– हे पुत्र नवराज ! छिमि बाया नां शिवशर्मा ब्राम्हण खः । छ प्वाथय् दुगु प्यला न्याला दयेधुंकाः छुं धन आर्जनया लागी भिक्षा फोने धकाः परदेश झाःगु थुलिमछि दत । थौंतक खँया खबर छुं दुगुमखु छु ज्या यानाः गन च्वनाच्वन छुं स्यूगु मखु । थुलि माता गोमयजुया वचन न्यनाः नवराजं धाल– हे माता ! अथेजूसा आज्ञा बियादिसँ जिं पिताजि गन छुं ज्या यानाच्वन न्ह्यागु यानाःसां लुइका नाप नापं लित ब्वनावये धकाः पुत्र नवराजया खँ न्यनाः गोमयजुं धाल– हे पुत्र ! छंगु ख्वाः स्वया छिमि बायात ल्वःमंकाः च्वना । आः छ नं त्वःता वन धाःसा जि स्वैगु आधारय् च्वने हानं छ वने धुंकाः छं स्त्री चन्द्रावती नं थन च्वनी मखु । वैगु थःछैँय् वने धकाः वनी । अले जि स्वैगु ख्वाः स्वया मन तयाच्वने थुलि माता गोमयजुया वचन न्यनाः– हे माता ! धर्म शास्त्रया खँ छत्वाः बिन्तियाये न्यनादिसँ । "पुत्रस्य परमोधर्मः पित्युन्द्वार समोन ही ! पित्युद्वारं नकुरुते श्रेयश्थ सुखमिच्छति । सयति नरक घोरं पावच्चं(टाँर्क मेदिविनी ।" धर्मशास्त्रय् थजःगु किसिमं धयातःगु दु कायमचा जुयाः दकसिबे उत्तमगु धर्म पितृयागु धर्म पितृयागु उद्धार यायेगु खः गुम्ह कायमचा जुयाः थः पितृयागु उद्धार मयासे थःजक सुख ऐश आरामं जुइगु जक लँय् वनाच्वन धाःसा गनतक चन्द्र सूर्य दयाच्वनी, गनतक पृथ्वी दयाच्वनी, अनतक अघोर नरकय् भोग यानाच्वने माली । ध्यानपूर्वक न्यनादिसँ माताजि प्वाथय् दुबले भिक्षा फोनेत परदेश झाःम्ह जिम्ह पिता थौं जिगु थुगु उमेर जुइधुंकल आतक नं लिहाँझाःगु मखुनि । मृत्यु जुइ धुंकलला अथवा जिवित जुयाः च्वँ ला ? थ्व नं पक्का यायेमाल, मृत्यु जुइ धुंकूगु खःसा माःगु काजक्रिया कर्म यानाः वये, यदि झीगु भाग्य म्वानाच्वन धाःसा जि हरतरह यानासां जि नापनापं ब्वना वये, जिथिंजाःम्ह पुत्र जगाजग दु मदु मसीका च्वनेगु जि जन्म जुयागु छुं सार दुला ? हे माता छित स्याहार सुसार याइम्ह चन्द्रावती दु जि लिहाँ मवःतले छैँय्यागु दुख सुख बिचा यानाच्वं । जितः बिदा फोने धकाः नवराजया वचन न्यनाः गोमयजुं पुत्र नवराजया पितृ भक्त स्वया अति संतोष जुयाः हे पुत्र ! छ धन्य खः छंगु पितृ सेवा खना जि अत्यन्त खुसि जुल छ न्ह्याथाय् वंसां कल्याणजुइमा । छंगु कामना पूर्णजुइमा न्ह्यागु ज्या याःसां सफल जुइमा धकाः कपालय् ल्हातं थियाः नानां तरहनं सुवा बिया आशिष बिल । अले नवराज थःम्ह माताया तुति भ्वःपुया साष्टांग प्रणाम यानाः स्त्री चन्द्रावतीयात थः परदेश वनेगु वृतान्त खँ कनाः छैँय्यागु व मातायागु सेवायायेगु व मयायेगु धयाः परदेश वनेत प्रस्थान यानावन । अनंलिपा नवराज हरेक देश परदेश चाःहिलाः पित शिवशर्मायागु तलास यानाः जुल । अने अनेगु देशय् वनाः न्यनासोत तर सुनानं खना धाःगुमदु । थुगु किसिमं देश चाःहिला मालाः जुजुं छन्हुया दिनय् गंगा किनारय् छगू ऋषि आश्रम खनाः सरासर वनाः अनच्वंम्ह वृद्ध ब्राम्हण व ब्राम्हणी न्ह्योने वनाः छिकपिं सु खः ? छु कारणं थन दियागु ? धकाः नवराजया वचन न्यनाः वृद्ध ब्राम्हणं हे बालक ! जिपिं वृद्ध ब्राम्हण खः वृद्धा अवस्था जुगुलिं थन गंगा तीर्थय् वयाः प्राण त्याग यानाः वने धकाः घरवार फुक्क त्याग यानाः थन वयाः च्वनागु, छ सु ? थन छु कारणं वयाः ? छंगु नां छु धकाः न्यसेंलि, नवराजं धाल हे वृद्ध ब्राम्हणराज ! जि नवराज धैम्ह ब्राम्हण खः जि प्वाथय्दुबले जिम्ह बाबा शिवशर्मा धाःम्ह ब्राम्हण भिक्षा फोने धकाः परदेश झाःगु थौं तकनं छैँय् लिहाँ मझाःगुलिं गन झाल छु यानाच्वन धकाः माला जुयागु तर आःतक छुं खवर नं लुइके फुगु मखु नापलागुनं मखु देश विदेश चाःहिलाः वयेधुन लुइकेमफया छिकपिंसं छुं खवर स्यूला धकाः आज्ञा कया वयाः खवर स्यूसा कृपया कना बिज्याउँ धकाः नवराजया वचन न्यनाः वृद्ध ब्राम्हणं हे नवराज ब्राम्हण ! भिक्षा फोने धकाः वःम्ह छम्ह चन्द्रज्योति नगरया शिवशर्मा ब्राम्हण धाःम्ह खनागु दु, वय्कः थन गामय् म्वःल्हुया नित्यपूजा यायेत थन वयाः फलफुल खायेत वःगु तर दैव संयोगं सिमाकचा त्वःल्हुयाः कुतुंवल । अले सदांया लागी पृथ्वी त्वःता प्राणत्याग यानावन । सायद क्वँय्ला दैतिनि स्वःझासँ । नवराज वृद्ध ब्राम्हणया वचन न्यनाः काचाकाचां वनाः स्वःवन धाथें इमिसं धाःथें क्वँय् बाकि दयाच्वंगु खनाः हे पिता ! जिगु निम्ति भिक्षा फों झाम्ह थौं जिगु ख्वाः मस्वःसे स्वर्गारोहण जुयाः बिज्यात । आः जिं छैँय् वना महातारीयात छु धकाः कना सम्झे बुझे यायेगु धकाः नानां तरह नं शोक यानाः ख्वया हालाच्वन, भच्चा लंका थःथःम्हं मनयात धैर्य यानाः क्वँय् मुनायंकाः गंगाय् च्वीकाः थःगु कुलाचार अनुसार दश क्रिया यानाः अनंलिपा विचार यात । आः गनवने छैँय् लिहाँ वनेत नं खर्च दुगुमखु हानं थ्व खवर कने फगत मातायागु शोक जक स्वये माली । बे थन हे जुजुयागु नोकरीयाना छुं धन मुंकाः ज्वना वने धकाः मनं लुइकाः जुजुया सेवा यानाच्वन ।

इति श्री स्वस्थानीव्रत कथा नवराज जन्म दाविसो अध्याय ॥२२॥

# खेलकुद विकासको लागि योजना र नीतिको आवश्यकता



नविन महर्जन

कुनै पनि राष्ट्रको निम्ती खेलकुद एउटा अभिन्न अंगको रुपमा विकसित हुन्दै गइरहेको छ । त्यसैले यसको विकासको लागि सम्बन्धित निकायले विभिन्न नीति निर्माण गरी योजना बनाउने गर्दछ । निश्चित उद्देश्य प्राप्तिकोलागि विना योजना त्यो कार्य सफल हुन सक्दैन । तसर्थ खेलकुदमा पनि उद्देश्य प्राप्तिको लागि योजना र नीति निर्माण आवश्यक हुन्छ । नकि विवाद एवं असमझदारी तर विद्यमान खेलकुदमा विवाद एवं असमझदारीले गर्दा नेपाली खेलकुद दिनप्रति दिन तल खस्किंदो छ ।सन्दर्भ सुरु गरौं विश्वकप फुटवलको पहिलो चरणको खेलबाट, विश्वकप फुटवल २०१८ को पहिलो चरणको छनोट प्रतियोगिता गत साता सम्पन्न भएको छ। जस्मा नेपाल भारतको गुवाहाटीमा भएको खेलमा ०-२ गोलले पराजित भएको थियो भने काठमाडौंमा सम्पन्न खेलमा ०-० को बराबरीमा खेलियो जस्ले गर्दा समग्रमा नेपाल ०-२ गोलले पछि पर्दै अर्को चरणमा पुग्न असफल रह्यो । जसले गर्दा नेपाल फिफा बरियतामा तल खस्कियो । नेपाली खेलाडीहरुको स्प्रीट र नेपाली फुटवल प्रेमीहरुको बलबुटोमा नेपाली खेलाडीहरूले आफ्नो खेल कौसल देखाइ राखेका छन्। दक्षिण एसियामा सबैभन्दा कमजोर टिम भुटान टिम हो । सन् १९९९ को दक्षिण एसियाली खेलमा नेपालले भुटान लाई ७-० गोल अन्तरले पराजित गरेको थियो । त्यसपछि विभिन्न खेलमा भुटान सबै प्रतिद्वन्दी समक्ष निरिह देखिन्छ तर उनीहरू फुटवल विकासमा निरन्तर रुपमा लागेका थिए। गत वर्ष हल्चोकमा सम्पन्न खेलमा श्रीलंकासँग ५-२ गोलले पराजित फिफा वरियतामा अन्तिम स्थान २०९ मा रहेको भुटानले श्रीलंका माथि वदला लिंदै विश्वकप २०१८ छनोटको दोस्रो चरणमा पुग्न सफल भएको छ। भुटानले कोलम्बोमा सम्पन्न खेलमा श्रीलंकालाई १-० गोलले पराजित गरेको छ भने त्यसको पाँच दिनपछि थिम्पुमा भएको खेलमा २-१ गोलले जित हासिल गर्दै समग्रमा ३-१ गोलले जित हासिल गर्दै दोस्रो चरणमा प्रवेश गरेको छ। अब भुटानले एसियाली महारथीहरु जापान, दक्षिण कोरिया, इरान, अस्ट्रेलिया जस्ता टिमसँग खेल्ने छ ।

अहिले भुटानले यो स्थान सम्म पुग्न उस्ले भौतिक पुर्वाधार जनशक्तिको कार्य विभाजन, ग्रास रुट लगायत दिर्घकालीन विकासको कार्यक्रममा जोड दिएका थिए । भुटानले सन् २००९ देखि होम एण्ड अवेको आधारमा निरन्तर राष्ट्रिय लिग आयोजना गर्दै आएको छ। स्थानीय खेलाडीहरू लाई उत्साहित गर्न पुन किड्स कप प्रतियोगिताको सुरु गरेको छ । भुटानी संघले २०१५ देखि राष्ट्रिय खेलाडिहरूलाई मासिक १६ हजार तलवको व्यवस्था गरेको छ र निरन्तर रुपमा नयाँ योजनाको साथ लागिपरेको देखिन्छ । हाम्रो नेपालमा खेलकुदसँग सम्बन्धित निकायहरु सधैं विवाद आरोप, प्रत्यारोप एवं असमफदारी लागिपरेको देखिन्छ । एउटा चुस्त नीति निर्माणतिर नलागी सधैं आफ्नो कुर्सिको खेलमा लागीपरेको देखिन्छ यो स्थितिमा खेलकुदको अवस्था के हुन्छ । प्राविधिक रुपमा हाम्रा खेलाडीहरु अनुसाशन, फीटनेस, नियमित मनितरिङ्ग र नयाँ सोचको पनि त्यतिकै आवश्यक पर्दछ। आर्थिक अनियमितता, पारदर्शिता एवं अन्य विभिन्न कुराहरुलाई विरोध गरेका पदाधिकारी माथि कारवाही गर्ने प्रक्रियाले अफ एन्फामा ठूलो विवाद सृजना हुने देखिन्छ । यो केवल फुटवलमा मात्र होइन क्रिकेट, भलिबल, वास्केटवल, एथलेटिक मार्सल आर्ट लगायत सबैमा देखि राखेको छ जस्ले गर्दा नेपाली खेलकुद झन् झन् तल खस्किदो छ जसको लागि सम्बन्धित क्षेत्रले दरो निर्णय गर्नु पर्ने देखिन्छ। राजनैतिक पूर्वाग्रहले हाइन सम्पूर्ण खेलकुद विज्ञहरुको साझा सहमती र सहयोगमा अगाडि बढाउनु पर्ने देखिन्छ नत्र खेलकुदको भविष्य अनिश्ति हुने देखिन्छ ।

# विष्णुदेवी मसानघाट निर्माण योजनाको प्रस्तुतिकरण



कीर्तिपुर नगरपालिका १८ नं वडा भाजंगालम रहेको ऐतिहासिक एवं पुरातात्विक मसानघाट निर्माण सम्बन्धि योजनाको प्रस्तुतिकरण गत चैत्र ६ गते पाँगाको लाछीमा गरियो ।

काठमाडौं जिल्ला क्षेत्र नं.१० का निर्वाचित सभासद राजेन्द्र कुमार के.सी. (राजन के.सी.) को निर्वाचित क्षेत्र पुर्वाधार विकास कार्यक्रम अन्तर्गत १ करोड रुपैयाँबाट १५ लाख छुट्याइ सो योजना बनाएको हो ।

पुकार महर्जनले संचालन गर्नुभएको उक्त कार्यक्रममा प्रमुख अतिथि सभासद के.सी. हुनुहुन्थ्यो। अन्य अतिथिहरुमा पाँगामा क्रियाशील विभिन्न संघ संस्था एवं खलः पुचःका प्रतिनिधिहरु रहनु भएको थियो। बद्रीलाल महर्जनको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा बद्रीलाल महर्जनले योजनाको बारेमा विस्तृत योजना प्रस्तुत गर्नु भएको थियो । प्राविधिक जनकलाल महर्जनले नक्सांकन र कार्यको बारेमा विस्तृत विवरण दिनुभयो । जस अनुसार विष्णुदेवी मन्दिरबाट दीपःमा जाने खुडकिला सांघुरो भएको कारण फराकिलो बनाई सिमेन्टको ब्लकबाट राम्ररी बनाउने । दीपको पशिचमतिर एउटा गाःहिटी बनाउने, पराल भिजाउन र अन्य प्रयोजनको लागि पानीको अभाव भइरहेको अवस्थामा १ हजार लिटरको पानी ट्यांकी राख्ने, मलामीहरुलाई घाम पानीबाट असर नहोस् भन्नका लागि ट्रस राखेर बस्ने प्लेट फार्म बनाउने योजना रहेको जानकारी दिनुभयो । प्रमुख अतिथि के.सी.ले आफ्नो निर्वाचन क्षेत्र कोषको एक रुपैयाँ दुरुपयोग नगर्ने, हरदम जनताको बीचमा रहने प्रतिवद्धता जाहेर गर्नुभयो ।

# बैष्णवी मा.वि.का प्रधानाध्यापकको व्यवहार प्रति शिक्षकहरूको आपति

विष्णुदेवी माध्यमिक विद्यालय वि.सं. २०१७ सालमा स्थापना भएको कीर्तिपुर वडा नं.१८ स्थित भाजंगालमा रहेको छ। कुनै समय निकै विद्यार्थीहरूको चहलपहल रहेको स्थानीय व्यक्तिहरुको मेहेनतले बनेको विद्यालयको हालत आजसम्म आउँदा मर्नु न बाँच्नु अवस्थामा आइपुगेको छ।

कुनै समय चार पाँचसय विद्यार्थीहरु अध्ययन गर्ने विद्यालयमा हाल एकसय जना पनि विद्यार्थी नरहेको थाहा भएको छ । यसो हुनाको मूल कारण विद्यालयका प्रधान अध्यापकको तानाशाही प्रवृति र विद्यालयमा विद्यालय व्यवस्थापन समिति नरहेको र शिक्षकहरुको गुटगत प्रवृतिले भएको देखिन्छ ।

पुरानो वि.व्य.स.को म्याद सकिएपछि नयाँ समिति बनाउनतिर प्रधानाध्यापकले वास्ता नगरेको कारणले हो भन्ने भनाइरहेको पाइन्छ। १७ जना शिक्षक रहेको उक्त विद्यालयमा ९ जना शिक्षक प्र.अ. को विरुद्ध रहेको र ३ जना तटस्थ रहेको र ५ जना शिक्षकहरुमात्र प्र.अ.को पक्षमा रहेको अवस्थामा गत तीन वर्ष पहिले देखि नै प्र.अ.लाई जिम्मेवारीबाट पन्छाउन जि.शि.कार्यालयमा वि.व्य.स. र शिक्षकहरुले प्रयास गर्दा पनि असफल भएपछि प्र.अ.ले सो को बदला लिने अभिप्रयाले ती शिक्षकहरुको विरुद्ध विभिन्न ठाउँमा सिकायत गरिरहेको अवस्थामा गत चैत्र ८ गते अशोभनिय घटना घट्न गएको थियो। जसको विरुद्ध शिक्षकहरुले एक विज्ञप्ति प्रकाशित गरि घोर भत्सर्ना गरिएको छ । हामीलाई प्राप्त विज्ञप्तिमा भनिएको छ।

गत मिति २०७१ चैत्र ८ गते आइतवार दिउँसो विद्यालयको वार्षिक परीक्षा संचालनका क्रममा परीक्षा संयोजन कसरी गर्ने भन्ने विषयमा छलफल हुँदा शिक्षकहरुले गत श्रावण ९ गते प्र.अ. तथा सबै शिक्षक हरुको परीक्षा वैठकबाट यस शैक्षिक वर्षका सबै परीक्षाहरु संचालनका लागि विद्यालयका शिक्षक मणिकराज महर्जनलाई संयोजकको जिम्मा दिने सर्वसम्मतबाट निर्णय भएको थियो भन्ने स्मरण गराउँदा प्र.अ.ले अवमानिएन मैले आफै चलाएँ भनेपछि कुनै कारण विना वैठकै नबसी औपचारिक जानकारी पनि नगराई आफ्नो व्यक्तिगत स्वार्थ र मनोमानि तरिकाले काम गर्न मिल्छ ? भन्ने शिक्षकहरुले प्रश्न गरेपछि वादविवादको क्रममा शिक्षकलाई प्र.अ.ले निच शब्दको प्रयोग गरी “तँलाई संयोजक मान्दिन मैले आफै चलाए । परीक्षा कोठामा जानु भनि” धम्कीपूर्ण भाषा बोलेपछि थप केही बादबिबाद भयो र तुरुन्तै प्र.अ. ले प्रहरी बोलाई बिद्यालयका शिक्षकहरुलाई गिरफ्तार गर्न आदेश दिए। प्रहरीहरुले बिद्यालय अफिसमा धेरै समय शिक्षकहरुसंग बिद्यालयको समस्या सोधनी गरेपछि तपाईहरुको बिद्यालय सम्बन्धी आन्तरिक समस्याहरु रहेछ बिद्यालयको समस्या तपाईहरु नै सबै बसेर समाधान गर्नुस् भनि फर्केका थिए ।

बिद्यालयमा रहेका बिगतदेखिका बिबिध समस्याहरु मध्ये प्र.अ.ले शिक्षक बैठक नियमित रुपमा नराखेको, आर्थिक पारदर्शिता नरहेको, बि.व्य.स. तथा पि.टि.ए को बैठक नराखेको, एकलौटी रुपमा बिद्यालय प्रशासन चलाउदै आएको, जि.शि.का. को निर्देशनलाई पालना नगरेको जस्ता बिबिध समस्याहरु सबैसंग बसेर छलफल र बैठक गरी समाधान गर्नुको सट्टा डर धाँक धम्की र रवाफ साथै झुठा प्रचार गरी आफुलाई मन नपरेका शिक्षकहरुलाई पक्षपाती दमनपूर्ण प्र.अ.को कृयाकलाप प्रति बिद्यालयका शिक्षक, अभिभावक, बिद्यार्थी बि.व्य.सं, तथा स्थानिय शिक्षा प्रेमीहरु समेतले घोर भत्सना, निन्दा गर्दछ।


## सूचना ! सूचना !! सूचना !!!

कीर्तिपुर नगरपालिका वडा नं. १८ भाजंगालस्थित श्री विष्णुदेवी मन्दिर क्षेत्रमा कुनै पनि भौतिक निर्माण सुधारका कार्यहरु गन चाहेमा नेपाल सरकारले तयार गरेको गुरुयोजना अनुरुप श्री विष्णुदेवी मन्दिर संरक्षण तथा उत्थान समाजसँग स्वीकृत लिइ कार्य गर्न गराउन हुन सबैमा सूचित गरिन्छ । अन्यथा नेपाल सरकारको प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना**
**(सूचना सम्प्रेषण गर्ने)**
श्री विष्णुदेवी मन्दिर संरक्षण तथा उत्थान समाज
भाजंगाल, की.न.पा.– १८

# नेपालभाषा एकेदमिको कार्य विभाजन

***कीर्तिपुर सन्देश साप्ताहिक***

नेपालभाषा एकेडेमीको गत फागुण ३० गते गठन भएको कार्यसमितिको दोस्रो बैठकले कार्यविभाजन गरिएको छ । गत चैत्र ८ गते बसेको वैठकले निम्न अनुसार कार्य विभाजन गरिएको छ।१ अनुवाद विभाग –डा.तेजरत्न कंसाकार २) काव्य/आर्थिक विभाग– डा. पुष्पराज राजकर्णिकार ३)अनुसन्धान – प्रा.डा. चन्द्रमान बज्राचार्य ४) आख्यान विभाग – शशिकला मानन्धर ५) एफ एम. विभाग– नजरराम महर्जन ६) नाट्यकला – विजयरत्न असंबरे ७)संस्कृति सम्पदा – यज्ञमान पति ८) ललित/मूर्तिकला – राजेश अवाले ९)भाषा/शिक्षण – दीपक तुलाधार/ प्रा. प्रेमशान्ति तुलाधार १०) संगीत विभाग – रामकृष्ण दुवाल ।

# नगरमण्डप श्रीकीर्ति विहारमा बुद्धपूजा भवनको पुनः निर्माणका लागि शिलान्यास सम्पन्न



***कीर्तिपुर सन्देश साप्ताहिक***

कीर्तिपुर नयाँबजार स्थित नगरमण्डप श्रीकीर्ति विहारका स्वर्गीय उपासक साहु सत्यनारायण मानन्धरको सहयोगमा विक्रम संवत २०३१ सालदेखि निर्माण भएको बुद्धपुजा भवन भिक्षु सुदर्शन महास्थविर बुद्धपूजा भवन पुनः निर्माण सुरु भएको छ ।

सो भवनको पुनः निर्माणका लागि गत चैत्र ७ गते एक कार्यक्रमवीच भिक्षु डा. सुगन्ध महास्थविर (फ्रा श्याक्यबंश विशुद्ध) द्वारा शिलान्यास भएको छ ।

बुद्धपुजा समेत गरेको सो कार्यक्रममा भिक्षु, अनागारिका र उपासक उपासिकाका साथै विभिन्न व्यक्तित्वहरुको सहभागीता रहेको थियो ।

# राराहिलमा अभिभावक गोष्ठी सम्पन



गत चैत ६ गते राराहिल मेमोरियल स्कुल छुगाउँमा बाल मनोविज्ञानमा आधारित Play-way Method -खेलको माध्यमबाट रोचक तरिकाले गरिने शिक्षण सिकाई विधि) बाट बालबाललिकाहरूको सर्वाङ्गिण विकास (बौद्धिक,शारीरिक, मानसिक तथा सामाजिक पक्षको सन्तुलित विकास गर्ने शिक्षण सिकाई पद्दतीको बारेमा सफलता पूर्वक अभिभावक गोष्ठी सम्पन्न भयो । विगत १४ वर्षदेखि पूर्व प्राथमिक र प्राथमिक तहका शिक्षक शिक्षिकाहरूलाई प्रशिक्षण प्रदान गर्दै आएको बाल शिक्षा केन्द्र (Early Childhood Education Centre) ललितपुरमा कार्यरत अनुभवी प्रशिक्षकहरूले प्रशिक्षण दिएको थियो। Playgroup देखि कक्षा १ सम्मका विद्यार्थीका अभिभावकका साथै अन्य अभिभावकहरू समेतको उपस्थिति रहेको उक्त गोष्ठी बालबालिकालाई गरिने पठन-पाठनमा प्रयोग गरिने बाल शिक्षण सिकाई विधिहरू(खेल, गीत र अभिनयको माध्यमबाट रोचक तरिकाले अभिभावक तथा शिक्षक-शिक्षिकालाई प्रशिक्षित गएिको थियो । बालबालिकाको सर्वाङ्गिण विकासमा सहयोग गरी एक असल नागरिक बनाउन बाल-मनोविज्ञान, प्रत्येक विद्यार्थीको आ-आफ्ना प्रतिभा र उनीहरूको फरक-फरक सिक्ने तरिका पहिचान गरी सोहि अनुसार बालबालिकाहरूको बानी व्यवहार, सोच चिन्तन र सिकाईको लागि अभिभावक र शिक्षक शिक्षिकाहरूमा हुनुपर्ने आधारभुत, शीप, ज्ञान र वहाँहरूको भूमिकाको वारेमा सबैको ध्यानाकर्षण हुने अत्यन्तै प्रभावकारी तरीकाले प्रशिक्षण कार्य सम्पन्न भएको थियो ।

सोहि गोष्ठीमा विद्यालयका प्रधानाध्पक जगत वहादुर महर्जनले आगामी शैक्षिक सत्र २०७२ देखि Playgroup देखि कक्षा २ सम्म बाल शिक्षा केन्द्रको सहकार्यमा शिक्षक तालिम, अनुगमन र मुयाङ्कन समिक्षा गोष्ठीहरू मार्फत बालबाललिकाहरूको सर्वाङ्गिण विकास गर्न बाल केन्द्रीत शिक्षण शिकाइ, कक्षा कोठा, शिक्षण समाग्री आदि अझ प्रभावकारी बनाउने योजना रहेको जानकारी गराउनु भयो ।







## खुल्यो ! खुल्यो !! खुल्यो !!!

कीर्तिपुरको नयाँबजार पाँगा दोबाटोमा आधुनिक आँखा उपचार केन्द्र खुलेको सहर्ष जानकारी गराउँदछौं। यहाँ आँखा सम्बन्धि सम्पूर्ण जाँच गरिन्छ। चश्मा पनि बनाइन्छ।

**आँखा जाँच्ने समयः**

सोमबार– साँझ ४ बजेदेखि ६ बजेसम्म

मंगलबार – बिहान ८ बजेदेखि १० बजेसम्म

शुक्रबार – दिउँसो १:३० देखि ३ बजेसम्म

डा. मिना कुँवर र गुलाम कुदुस खाँ द्वारा आँखा परीक्षण

**तिलगंगा आँखा उपचार केन्द्र**

**नयाँबजार, पाँगादोबाटो, कीर्तिपुर–१७**

**फोन नं.०१६२२४९४१**


नेपाल सरकार

भौतिक योजना तथा निर्माण मन्त्रालय

सडक विभाग

## मध्य पहाडी पश्चिम (पुष्पलाल) लोकमार्ग सडक आयोजना

तुल्सीपुर, दाङ्ग

यस मध्य पहाडी पश्चिम (पुष्पलाल) लोकमार्ग सडक आयोजना अन्तर्गत बागलुङ्ग, रुकुम, जाजरकोट, दैलेख तथा अछाम जिल्लाहरुमा भईरहेको सडक निर्माण कार्यको दायाँ-वायाँ २५/२५ मीटरमा नयाँ घर, टहरा तथा अन्य कुनै किसिमको स्थायी संरचना निर्माण नगर्नुहुन, साथै सडक अतिक्रमण रोक्ने कार्यमा सहयोग गरि दिनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आयोजना प्रमुख**

## निःशुल्क औषधि उपलब्ध हुने बारेमा सूचना

नेपाल अधिराज्यभरिका सरकारी स्वस्थ्य संस्थाहरुमा ७० प्रकारका औषधिहरु नेपाल सरकारवाट निःशुल्क उपलब्ध हुने भएकोले उल्लेखित औषधिहरुको सेवा सम्वन्धित स्वस्थ्य संस्थावाट भरपूर उपयोग गर्नुहुन सबैमा जानकारी गराईन्छ ।

स्वास्थ्य सेवा विभाग

**प्राथमिक स्वास्थ्य सेवा पुनरर्जागरण महाशाखा**

टेकू, काठमाण्डौं

# जाँड रक्सीको कुलत एक जानकारी



–राजेन्द्र अमात्य–

जाँड-रक्सीको कुलत आज नेपालभरी नै एक ठुलो सामाजिक समस्याको रुपमा दिन प्रतिदिन बढ्दो रुपमा देखा परेको छ । यस कुलतबाट हाम्रो समाज, टोल, छर-छिमेक, गाउँ पनि टाढा रहन सकेको छैन। हुन त नेपालमा नेपाल सरकारसँग यति नै संख्यामा जाँड-रक्सीको कुलतमा संलग्न छन् भन्ने हिसाव-किताब छैन, तर जाँड-रक्सी उत्पादक कम्पनी र बेच्ने रेष्टुरेण्टको संख्याको भने ठिक हिसाव-किताब राखेका हुन्छन् । कारण, उत्पाक कम्पनी र र बेच्ने रेष्टुरेण्टबाट सरकारले राजस्व प्राप्त हुन्छ। प्राय:जसो अहिलेका युवा मात्र होइन, युवतीहरु पनि बढि मात्रामा जाँड-रक्सीको कुलतमा रमाईरहेका छन्।

जाँड-रक्सीको कुलतमा लाग्नु कुनै पनि युवा-युवतीको बाध्यता चाहिँ अवश्य होइन । कुलतमा लाग्नु साथी भाइहरुको सर-संगतमा, आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक पक्षको साथै उच्च शिक्षा तथा हातमा शिप भएर पनि बेरोजगारी हुनु, सोचेजस्तो कार्य गर्न नसक्नु, जीवनदेखि नैराश्यता हुनु, यौन चाहना पुरा नहुनु आदि इत्यादि कारणहरु नै प्रयाप्त छन्। युवा युवतीहरुलाई जाँड-रक्सीको कुलतबाट टाढा राख्न सामाजिक तथा मनोवैज्ञानिक समस्याको रुपमा हेरी त्यसको रोकथाम तथा नियन्त्रण गर्ने प्रयास सरकारी र गैरसरकारी क्षेत्रबाट नभएका चाहिँ होइनन् तर ती प्रयासहरु यस वर्तमान परिप्रेक्षमा एकदमै न्यून र अपर्याप्त देखिन्छन्। यस कार्यमा समर्पित केही गैरसरकारी संस्थाहरुले पनि गर्न सकिरहेका छैन । सरकारी स्तरबाट सवारी चालकहरुलई मापसे चेक जाँच गरी राजस्व मात्र उठाउने कार्य गरेका छन्। मापसे चेक जाँच कार्य सुरु गरेको वर्षौं भइसक्यो तर जाँड रक्सी सेवन गर्ने भने घटका छैनन । जाँड रक्सी सेवनबाट सवारी दुर्घटनामा कमी आएको छ नेपालमा तर हरेक दिन जाँड रक्सी सेवन गर्ने व्यक्तिहरुले बालबालिका तथा महिलाहरुलाई बलात्कार गरेका समाचार भने बढ्दो छ।

हरेक दिन राष्ट्रिय दैनिक पत्रिकामा बलात्कार भएको समाचार प्रकाशित भइरहेका छन्। पुरुषहरु जाँड रक्सी सेवन गरेपछि बलात्कार गर्नतिर किन लाग्छ ? यस्ता व्यक्तिहरुलाई कडा कारवाही किन गर्न सकेन सरकारले ? प्राय: नेपालमा राजनीतिक खेलमा गडबडी भएपछि यस्तै खाले घटनाहरु बढेको देखिन्छ। मानिसहरु सोच्ने गर्छन् बलात्कारको घटनाहरु राजनीतिकबाट नै भएका हुन वा गराएका हुन्। यदि होइन भने यस्ता बलात्कार गर्ने मानव रुपी दानवलाई किन कारवाही गरेन सरकारले ? पक्कै पनि यो राजनीतिक खेल हुनसक्छ।

यो समस्याको समाधान तथा कारवाही केवल सरकारले मात्र गर्छ भनेर चुप लागेर बस्नु भएन अब हरेक परिवार, व्यक्ति र गैर सरकारी संस्थाहरुले नै जन कारवाही गर्ने नियम बनाउने हो कि ? वा जाँड रक्सीको कुलतमा लागेका व्यक्तिलाई असल बाटो देखाउने शिक्षा दिनेतिर अग्रसर हुने हो कि ? जाँड रक्सी सेवन गरेपछि प्राय: मानिसहरु राम्रो कामभन्दा नराम्रो कामतिर अग्रसर हुन्छन्। उनीहरुको दिमागमा नराम्रो नै राम्रो देखिन्छ । जाँड रक्सीको नशा लागेपछि के गर्नु हुन्छ, के गर्नु हुँदैन भन्ने विषय छुट्याउन सकिँदैन। मानिसहरुलाई विभिन्न कारणले स्वास्थ्यमा रोगले सताउँछ । उक्त रोगको कारण पत्ता लगाई उपचार गऱ्यो भने मानिस स्वस्थ र निरोगी भइन्छ। हो, यस्तै विभिन्न कारणले गर्दा नै मानिसहरु जाँड रक्सीको कुलतमा लाग्ने गर्छन्। रोगको कारण पत्ता लगाई उपचार गरे रोग निको भए जस्तै कुलतमा लागेको कारण पत्ता लगाई त्यसको समाधान गर्न सक्यो भने मानिसहरुले जाँड रक्सी सेवन गर्दैन ।

जाँड रक्सी सेवन गर्नै नहुने पक्कै होइन, यसको लिमित भन्दा बढी भए मानिसहरु हिंस्रक बन्छ। कतिपय मानिसहरु जाँड रक्सीको कुलतमा लागेको कारण पत्ता लाग्दा पनि उक्त कारणको समाधान गर्दा पनि जाँड रक्सी सेवन गर्न छोड्दैन । यस्तो अवस्थाको मानिसहरुलाई जाँड रक्सीको सेवन त के जाँड रक्सीको गन्ध नै मन नपर्ने उपचारको खाँचो पर्छ। जाँड रक्सीको गन्ध नै मन नपर्ने उपचार कुनै ज्योतिष तान्त्रिक विधिको उपचार होइन। यो सरल र सम्भव पनि छ। जो जसको घर परिवारमा कसैलाई जाँड रक्सीको लतमा फसेका छन्। उनका अन्य परिवारहरुमा इच्छाशक्तिको खाँचो पर्दछ। जाँड रक्सीको गन्ध नै मन नपर्ने मुखैमा राख्न नहुने प्राकृतिक दुर्लभ जडिबुटिद्वारा गरिने एक सरल उपचार हो। विगत आठ वर्षदेखि निरन्तर रुपमा संचालित कीर्तिपुरको बाहिरीगाउँ अवस्थित फिटनेस प्वाइन्ट ट्रेडिङ्गले हजारौं व्यक्तिहरुलाई जाँड रक्सीको कुलत छुटाई सकेका छन्। उनीहरु हाल असल जीवनयापनमा रमाईरहेका छन्।

सुरुमा मानिसहरु जाँड रक्सीको अत्यधिक रुपमा सेवन गर्नेहरू नै पछि गएर अन्य कडाखालको लागू पदार्थहरुको दुर्व्यसनमा फस्ने गर्दछन् । यसलाई दुर्व्यसनको रोगको बढ्ने प्रक्रिया भनिन्छ । कतिपय मानिसहरु त जाँड रक्सीलाई नै आफ्नो दुर्व्यसनको प्रमुख लागुपदार्थको रुपमा सिमित राख्दछन् र उनीहरु नै समाजमा जँड्याहा- ट्वाके आदि उपनामले परिचित हुन्छ । त्यस्ता व्यक्तिहरुलई बाटोमा जहाँ पाए त्यहीं ढलिरहेको, पागल जस्तो भएर हिडिरहेका र मन्दिरको छेऊ छाऊमा भीख मागेर बसिरहेको अवस्थामा हामीले देख्न सक्छौं। सुर्तीजन्य पदार्थ र जाँड रक्सी नै दुर्व्यसनको शुरुआतको पहिलो लागूपदार्थहरु हुन् भनेर अधिकांश दुर्व्यसनीहरु स्वीकार गर्दछन्। माथिको कुराहरु मनन् गर्नुहोस । कुनै पनि कुराहरु सबैलाई राम्रो हुन्दैन । सबैलाई राम्रो नै हुनुपर्छ भन्ने पनि छैन र याद गर्नुहोस् समाजमा हरेकलाई सहयोग र परामर्शको जरुरत पर्दछ र साथको आवश्यकता पनि पर्दछ । सबै स्वस्थ मानिसहरु आफ्नो मिल्ने व्यक्तिसँग छलफल गर्दछन्, भावनाहरु आदान प्रदान गर्दछन्, मनको डर अरु सामू व्यक्त गर्दछन्। तर दुर्व्यसनको रोग भएको व्यक्तिहरुका कुरा भने भिन्न हुन्छन् । कुनै पनि लागूपदार्थको दुर्व्यसनीहरु जे पनि एक्लै गर्न चाहन्छन्, एक्लै एक्लै रुन मन पराउँछन् तर कसैसँग भावनाहरु बाँडचुँड गर्न मन पराउँदैनन् । अन्तमा यही समस्याको बोझको कारण उनीहरु दिन दिनै निराशाको भूमरीमा फस्दै जान्दछन् र त्यहाँबाट उम्कनको लागि हरेक दिन नशाको प्रयोग गर्दछन् जुन एकदमै गलत तरिका हो । जहाँ समस्या त्यहाँ समाधान पनि अवश्य छ, तर समाधान आफ्नो घरमा खोजेर पाईदैन । समाधानको खोजि गर्दै हुनुहुन्छ भने आफ्नै टोलका छर छिमेक सँग छलफल गर्नुहोस । यदि तपाईंको घर परिवारमा कसैलाई जाँड रक्सीको कुलतमा फसेको छ र उसलाई जाँड रक्सीको कुलत छुट्याउने तरिकाको खोजी गर्दै हुनुहुन्छ भने कीर्तिपुरको बाहिरीगाउँमा अवस्थित फिट्नेस प्वाइन्ट ट्रेडिङ्गलाई सम्झौं।


## एच. आई. भी तथा यौन रोगवाट बच्न सजिलो छ

**कसरी सर्छ:**

१) एच.आई.भी. संक्रमित व्यक्तिसंग असुरक्षित यौन सम्पर्क गरेमा ।

२) एच.आई.भी. संक्रमित व्यक्तिको रगत लिंदा वा दिंदा ।

३) संक्रमित व्यक्तिले प्रयोग गरेका तिखा/धारिला औजदारहरु जस्तैः सुई, सिरिन्ज, निर्मलीकरण नगरी प्रयोग गरेमा ।

४) एच.आई.भी. संक्रमित आमावाट जन्मने शिक्षमा

**कसरी बच्ने:**

१) श्रीमान/श्रीमती वा यौन साथीवीच मात्र यौन सम्पर्क गर्ने र अन्यसंग यौन सम्पर्क गर्नै परेमा कन्डम लगाएर सुरक्षित रुपमा यौन सम्पर्क गर्ने ।

२) संक्रमित व्यक्तिले प्रयोग गेका औजार प्रयोग नगर्ने वा निर्मलीकरण गरेर मात्र प्रयोग गर्ने ।

३) एच.आई.भी. परीक्षण गरिएको रगत मात्र लिने वा दिने ।

४) एच.आई.भी. संक्रमित आमा गर्भवती भएमा नजिकको स्वास्थ्य संस्थामा गई परामर्श लिऔं ।

- तपाई हाम्रो, माया र सद्भावले संक्रमित व्यक्ति धरै बर्ष जिउन सक्छन् ।
- समयमै एच.आई.भी. परीक्षण गरी ढुक्क हुनुहोस ।

नेपाल सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

स्वास्थ्य सेवा विभाग

**राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र**

टेकू, काठमाण्डौं, फोन नं ४२६१६५३, ४२५८२१९


## भावपूर्ण श्रद्धाञ्जली

जन्म
वि.सं. १९९९ पुष



स्वर्गारोहण :
वि.सं.२०७० चैत्र २४

**स्व. श्रीमती केशरी महर्जन**

यस संस्थाका सदस्य श्री हरिभक्त महर्जनका ममतामयी आमा सदस्य श्रीमती महेश्वरी महर्जनका सासुआमा तथा सदस्य श्री योगेश महर्जन र जेनी महर्जनका हजुरआमा **श्रीमती केशरी महर्जन**को ७१ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको यही २०७१ साल चैत्र १३ गते वार्षिक तिथि परेकोले दिवंगत आत्माको चिरशान्तिको कामनाको साथै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**सिष्टमेटिक सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. परिवार**

हनुमानघाट, पाँगा रोड, कीर्तिपुर–१७

# HURRY UP! LIMITED SEATS ARE AVAILABLE.

# Rarahil Memorial School, Kirtipur

## Announces

Early Childhood Education Centre

## Teacher's training for teachers of pre and primary schools.

**BRIEF INTRODUCTION:**

This program is organized in partnership with **Early Childhood Education Center** (ECEC), a pioneer organization working in teacher's training for last 14 years!

The training aims to develop the capacity of teachers to teach children and run the pre- and primary classes in a child friendly play-way method to help children grow holistically. This training is recognized by CTEVT.

**TRAINING BY ECEC TRAINERS**

**DISCOUNTED TRAINING FEE**





**INTERNSHIP/JOB PLACEMENT POSSIBILITY IN RARAHIL MEMORIAL SCHOOL**

**TRAINING STARTS FROM 22 CHAITRA, 2071**
**TRAINING VENUE: RARAHIL MEMORIAL SCHOOL HALL**

Contact for admission: **Tel No 01-4330121, Rarahil M. School, Chhugaon, Kirtipur, KTM**
Contact person: **Jagat Bahadur Maharjan, 98511-56723. E-mail:rarahil@mail.com.np**